# धर्मकीर्ति

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**




धर्मकीर्ति रनिङ्ग शील्ड अ.नि.मा.वि. हाजिरी जवाफ प्रतियोगिताको फाइनल प्रतियोगितामा भाग लिएका विद्यार्थीहरूका साथ भिक्षु अश्वघोष महास्थविर, धम्मवती गुरुमां र अन्य सहभागीहरू

DHARMAKIRTI

**कतिं पुन्ही**

वर्ष-२१; अङ्क-७

बिक्रम सम्वत् २०६०

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै (औंसिसम्म) हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ- सम्पादक मण्डल हुने छैन ।

## विषय-सूचि


| | | | |
|---|---|---|---|
| १. | बुद्ध-वचन | - | १ |
| २. | सम्पादकीय- निर्वाण | - | २ |
| ३. | धम्मपद-१६३ | - रीना तुलाधर | ३ |
| ४. | शाक्यमुनी बुद्ध-१ | - भिक्षु धम्माउध | ४ |
| ५. | म्यान्मारमा बुद्ध-धर्म | - | ६ |
| ६. | मृत्यु बिर्सीएकी कृशा गौतमी | - धर्मसुन्दर वज्राचार्य | ९ |
| ७. | जात र धन ठूलो कि शील ठूलो | - भिक्षु संघरक्षित | ११ |
| ८. | मैत्री केन्द्रमा हाम्रो जीवन | - विनिता बादे | १२ |
| ९. | बाल आश्रमलाई सहयोग | - | १२ |
| १०. | छलफल - सिद्धार्थ गौतमको समयमा ... ... | - मेघदूत | १३ |
| ११. | *सप्तरत्न धन*-६ त्याग-६ | - प्रकाश वज्राचार्य | १५ |
| १२. | बौद्ध विहारमा संरक्षणय् भिक्षुपिनि देन ... ... | - मुनीन्द्ररत्न वज्राचार्य | १८ |
| १३. | नगरकोट यात्रा | - किशोर धूसः | १९ |
| १४. | धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | - | १९ |
| १५. | धर्मकीर्ति विहार-गतिविधि | - | २० |
| १६. | धर्म प्रचार-समाचार | - | २५ |


- धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी तःधंगु तिबः ज्वीफु ।
- छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।
- छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया थ्यूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी ।
- धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्‌गुली नं ग्वाहाली बीफु ।
- आसे धयादीमते, बिचाः याना दिसँ- 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन: ४२५८ ९५५, ४२२४ ९१२

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन: ४२५३ १८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७६ ९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**
फोन: ४२५७ ५७२

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन: ४२५९ ४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन: ४२५९ ११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन: ४२५९ ४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५९ ४६६

बुद्ध सम्वत् २५४७
नेपाल सम्वत् ११२३
इस्वी सम्वत् २००३
बिक्रम सम्वत् २०६०

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ७५/- |
| यस अङ्कको | रु. | ६/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**OCTOBER 2003**


| वर्ष- २१ | अङ्क- ७ | कतिं पुन्ही | कार्तिक २०६० |
|---|---|---|---|





★ निरोगी हुनु परम लाभ हो, संतोष ठूलो धन हो, विश्वास सबभन्दा ठूलो हितैषी बन्धु हो, निर्वाण परम सुख हो।

★★★

★ आर्य (शुद्ध चित्त भएको) मानिसहरूको दर्शन गर्नु र उनीहरूको आश्रयमा बस्नु सुखकर छ, मूर्खजनहरूको दर्शन नगर्नाले सधैं सुख हुन्छ।

★★★

★ राग जस्तो आगो अर्को छैन, द्वेष जस्तो अपराध अरू छैन, पञ्चस्कन्धको यो शरीर समान दु:ख अरु छैन, शान्ति जस्तो सुख अर्को छैन।

# निर्वाण

बुद्ध मार्गीहरूको प्रमुख लक्ष निर्वाण (मुक्ति) प्राप्त गर्नु हो । यसलाई लोकोत्तर अवस्था पनि भनिन्छ । संसारको माया मोहमा अल्झिरहने व्यक्तिले यस्तो पवित्र अवस्थाको महत्त्वलाई बुझ्न सक्दैन । अर्को शब्दमा भन्ने हो भने सांसारिक जालमा फँसिरहने व्यक्तिहरूले प्राप्त गर्न सक्ने फल होइन यो । त्यसैले निर्वाण कहाँ छ, निर्वाणको रुपरंग कस्तो छ भन्ने तर्फ लाग्नु भन्दा पनि आफ्नो मनमा टाँसिरहेका तृष्णा क्षय गर्ने कार्य तर्फ लाग्दै निर्वाण प्राप्त गर्ने कार्यमा अभ्यासरत रहनु नै लाभप्रद हुनेछ । किनभने तृष्णा क्षय भइसकेपछि मात्र फेरि जन्म लिनुपर्ने छैन । तृष्णा बाकी रहुञ्जेल संसारमा जन्म लिनै पर्छ भनी बौद्ध ग्रन्थमा उल्लेख गरिएको पाइन्छ ।

मानिसहरूलाई सांसारिक मायामोहको बन्धनमा बाँधिराख्ने (डोरीहरू) बन्धनहरू दशवटा छन् भनी पाली साहित्यमा उल्लेख गरिएको पाइन्छ । यसलाई दश संयोजन पनि भनिन्छ । ती यसरी छन् ।

*(१) सक्काय दिट्ठि (सत्काय दृष्टि) अर्थात् म र मेरो भन्ने भावनाले ग्रस्त भई आशक्तिमा टाँस्ने स्वभाव–*

कुनै पनि चीज वस्तु, व्यक्ति, भाषा, जाति, सँस्कृति आदि क्षेत्रमा म र मेरो भन्ने भावना राख्दै आशक्तिमा टाँस्ने स्वभाव । जव सम्म म र मेरो भन्ने आशक्त भाव रहन्छ, तबसम्म मनमा शान्ती हुन्दैन अर्थात् जीवन दुःख मुक्त हुन सक्दैन ।

*(२) विचिकिच्छा (अनावश्यक शंका उपशंका)*

अनावश्यक शंका उपशंका गर्नुलाई विचिकिच्छा भनिन्छ । कुनै एउटा काम गर्दा पनि कसैले केही भन्लाकि, यसो होलाकि उसो होलाकि भन्दै अनावश्यक चिन्तना गर्दै निर्णय गर्न डराइरहने स्वभावलाई विचिकिच्छा भनिन्छ । यसरी अनावश्यक शंका गर्ने व्यक्तिले आफ्नो स्वतन्त्र दिमागलाई प्रयोग गर्न सक्दैन र प्रगति र उन्नतिको बाटोमा अगाडि बढ्न सक्दैन । यस्तो व्यक्तिले बुद्ध, धर्म, संघ, शिक्षा र प्राकृतिक नियमहरूमा नै शंका गर्न थाल्नेछ ।

*(३) सीलब्बतपरामास (अन्धविश्वास)*

विभिन्न कर्मकाण्ड र अन्धविश्वासले ग्रसित मनोवृत्ति राखी, यो पूजा गरे धर्म प्राप्त हुन्छ कि, त्यो देउतालाई पूजा गरे मुक्ति प्राप्त हुन्छ कि फलाना तीर्थमा नुहाए पाप कटेर जान्छ, कि फलाना देवीलाई बली चढाए स्वर्ग जान पाइन्छ कि आदि भन्दै गल्ती कार्यहरू गरी जीवन बिताइरहेका व्यक्तिहरू हाम्रो समाजमा थुप्रै देखिन्छन् । सांसारिक चक्रमा फँसाउने डोरी मध्येको एउटा डोरी यो पनि हो ।

*(४) कामराग (भौतिक सुख भोगको आशा)*

आँखाले राम्रो रुप र दृश्यहरू हेर्ने इच्छा, कानले सुरीलो स्वर सुन्ने, नाकले सुगन्ध सुँघ्ने, मुखले मीठा खानाहरू खाने, शरीरले आफूलाई मनपर्ने स्पर्श गर्ने आदि चाहना राख्दै शरीरका पाँचवटा इन्द्रियद्वारबाट मनले सांसारीक सुख भोग गर्ने इच्छा राख्नेलाई पञ्चकाम सुखको इच्छा भनिन्छ । यसलाई कामराग इच्छा भनिन्छ ।

*(५) पटिघ (बदला लिने र ईख राख्ने कुभावना)*

कसैले आफ्नो इज्जत लियो, गाली गर्‍यो, आफ्नो कुरा मानेन, आफ्नो शत्रुको पक्ष लियो, आफुलाई सहयोग गरेन आदि आदि भन्दै ईर्ष्या र द्वेष भाव राख्दै बदला लिने मनोवृत्ति पनि एक प्रकारको खराव संयोजन हो ।

*(६) रूपराग (रूपमा आसक्त हुने)*

भौतिक वस्तुहरू प्रति आसक्तिपना, लोभ र लालच रहिरहने मनोवृत्तिले संसारप्रतिको मोहमा बाँधिने संयोजनलाई अझ बलियो पार्ने गर्छ ।

*(७) अरुपराग (नदेखिने अदृश्य चीजमा आशक्त हुनु)*

कसैलाई अरुपलोकमा जन्म लिन जाने इच्छाले सताएको हुन्छ ।

*(८) मान (अहंकार, अभिमान)*

कुनै पनि व्यक्ति पतन हुने कारणहरू मध्ये एक प्रमुख कारण घमण्ड र अहंकार हो । आफू बाहेक अरुलाई तुच्छ ठान्नु, धर्मकर्म गरे पनि त्यसको धाक रवाफ देखाउन खोज्ने, आफ्नो नाम, इज्जत, प्रतिष्ठा प्रति गौरवान्वित बन्दै नाक फुलाउने, यति रकम चन्दा राखें भन्दै प्रचार गर्दै हिंड्ने आदि जस्ता देखावटी बानीले सांसारिक बन्धनमा जकड्ने मोटो डोरी तयार पारिरहेको हुन्छ ।

*(९) उद्धच्च (चंचलता)*

आफ्नो कुनै इच्छा पूरा हुँदा, आफुले चाहे जस्तो काम सम्पन्न भएकोमा अत्यधिक मात्रामा प्रसन्न भई फुर्किएर हर्षित बनेर हिंड्ने प्रवृत्तिलाई उदच्च भनिन्छ ।

*(१०) अविज्जा (अज्ञानता, नजान्नु, नबुझ्नु)*

अविज्जा (अविद्या) ले गर्दा मानिस अन्धो समान भइदिन्छ । यस्तो व्यक्तिले धेरै जसो नराम्रो काम गर्न पुग्छ । किनभने उसले यो काम गर्दा कस्तो फल भोग्नु पर्ने हुन्छ भन्ने विषयमा ज्ञान पाएको नै हुँदैन ।

यसरी यी दशवटा क्लेश र कुसंस्कारहरूबाट मुक्त हुन नसकेसम्म निर्वाण अर्थात् मुक्ति मार्ग प्राप्त गर्न असम्भव नै छ । निर्वाण अवस्था पूजा, भाव भक्ति र प्रार्थना गरेर मात्र प्राप्त हुने देउताको प्रसाद होइन । निर्वाणलाई त हामीले आफ्नो मन भित्र रहेका मयलहरूलाई झिक्दै फाल्न सकेमा र कुसंस्कार-हरूबाट मुक्त हुन सकेमा मात्र प्राप्त गर्न सक्नेछौं ।

Downloaded from http://www.dhamma.digital

# धम्मपद–१६३

✍ रीना तुलाधर
*"परियत्ति सद्धम्म कोविद"*

**पविवेकरसं पीत्वा - रसं उपसमस्स च**
**निद्दरो होति निप्पापो - धम्म पीति रसं पिवं**

**अर्थ-** एकान्त वास गरी शान्तिको रस पान गर्ने सत्पुरुष भय नभएर निर्भिक हुन्छ। धर्मको प्रेम रस पिएर निस्पाप भएका हुन्छन्।

**घटना-** भगवान बुद्धले उपरोक्त गाथा वैशाली नगरमा बस्नु हुँदा तिस्स स्थविरको कारणमा भन्नु भएको थियो।

भगवान बुद्धले 'चार महिना पछि परिनिर्वाण हुनेछु' भनेर घोषणा गर्नु भएपछि तथागतको आसपासमा बस्ने सातसय भिक्षुहरू भय संतापले विचलित भए। जो क्षीणास्रव भिक्षुहरू थिए। तिनीहरूलाई धर्म संवेग उत्पन्न भयो। पृथगजन भिक्षुहरूले आँसु थाम्न सकेन। भिक्षुहरू ठाउँ ठाउँमा भेला भई 'अब हामी के गरौं' भन्दै सल्लाह गरीरहन्थे।

त्यतिबेला तिस्स नामका एक भिक्षु "तथागत चार महिनापछि परिनिर्वाण हुनु हुने निश्चित भइसक्यो। आफूले भने बोधिज्ञान प्राप्त गर्न सकेको छैन। वीतराग हुन सकेको छैन। तथागत जीवित हुनु हुँदा नै अरहत्व लाभ गर्न सक्नु पर्छ" भनी ठाना एक्लै एक्लै वसी चारै इरियापथको ध्यान गरीरहे। अरु भिक्षुहरूकहाँ गएर कुराकानी गरीरहेन। उनको यस्तो चाला देखेर अरु भिक्षुहरूले- "हे तिस्स! तिमी किन यस्तरी व्यवहार गरीरहेछौ" भनेर सोधे। तिस्स स्थविरले नसुने झैं गरेर तिनीहरूलाई केही जवाफ दिएन। यही कुरालाई लिएर भिक्षुहरूले भगवान बुद्ध कहाँ गएर "भो शास्ता! तपाईंको प्रति तिस्स स्थविरको स्नेह रहेनछ" भनेर उजूर गर्न गए।

तथागतले तिस्सलाई बोलाएर सोध्नु भयो- "हे तिस्स। तिमीले किन यसरी व्यवहार गरीरहेछौ?" तिस्सले जवाफ दिए- "भगवान बुद्ध परिनिर्वाण हुनु अघि नै अरहत्व लाभ गर्न मेहनत गरीरहेको छु। यही कारणले मात्र म तथागतकहाँ दर्शन गर्न नआएको हुँ।"

तिस्सको यो जवाफलाई लिएर बुद्धले "साधु साधु" भनीकन साधुवाद दिएर भन्नु भयो- "हे भिक्षुहरू! मलाई स्नेह गर्नेले तिस्स स्थविरले जस्तै गर्नुपर्छ। मलाई फूल धूप, सुगन्धले मात्र पूजा गर्दैमा साँच्चैको पूजा हुँदैन। लोकुत्तर धर्म अनुसार आचरण गर्नेले नै मेरो साँच्चैको पूजा गरेको हुन्छ।" यसरी धर्म देशना गरेर भगवान बुद्धले उपरोक्त गाथा भन्नु भयो।

धर्म देशनाको अन्तमा तिस्स स्थविर धर्म अववोध भए। ■

---

❁ धर्मकीर्ति विहार ❁ — गतिविधि

## नारी शिक्षा तालिम

२०६० आश्विन ३, शनीवार। स्थान- धर्मकीर्ति विहार, श्रीघ:न:घ:।

यसदिन धर्मकीर्ति विहारको आयोजनामा युवतीरूलाई बुद्ध शिक्षामा आधारित नैतिक शिक्षा सम्वन्धि तालिम दिइएको थियो।

लगभग १३० जना विवाहित र अविवाहित युवती प्रशिक्षार्थीहरूले भाग लिएको उक्त तालिम कार्यक्रममा भिक्षु अश्वघोष महास्थविर, भिक्षुणी धम्मवती र भिक्षुणी वीर्यवतीले प्रशिक्षण दिनुभएको थियो। एउटा परिवार शिक्षित र गतिलो वनाउने कार्यमा त्यस परिवारको गृहलक्ष्मीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। त्यसकारण एउटा परिवार शिक्षित बनाउनको लागि सर्वप्रथम त्यस परिवारको आमा गतिलो र शिक्षित हुन अति आवश्यक हुन्छ।

यही कुरालाई दृष्टिगत गरी धर्मकीर्ति विहारले उक्त कार्यक्रमको आयोजना गरिएको थियो।

दिउँसो १२ बजे पञ्चशील प्रार्थना गरी शुरु गरिएको उक्त कार्यक्रम साँझ ५ बजे समापन गरिएको थियो।

*(बर्माका पूज्य धम्माउध महास्थविर द्वारा लिखित "शाक्यमुनि बुद्ध" लाई धम्मवती गुरुमाँले नेपाल भाषामा अनुदितलाई विर्यवती गुरुमांले नेपालीमा अनुदित - सं.)*

# शाक्यमुनी बुद्ध-१

**✎ भिक्षु धम्माउध**

तीन महिना सम्मको वर्षावासको उपलक्षमा हरेक उपोसथ दिनमा अल इन्डिया रेडियोबाट बुद्ध उपदेश प्रचार गर्नको लागि दायक ऊ. वम. फयूले मलाई प्रार्थना गर्नुभएको कारणले मैले बुद्ध जीवनी सम्बन्धि घटना विषयलाई लिएर बोल्न लागेको छु।

बुद्ध कहाँ जन्मनुभयो ? के कस्तो तपश्चर्या गर्नुभई उहाँले बुद्धत्त्व प्राप्त गर्नु भयो ? प्रथम धर्म चक्र उपदेश सुनी पञ्चवर्गीयहरूले कुन ज्ञान लाभ गर्नुभयो ? आदि विषयमा थाहा पाइराख्नु राम्रो हुनेछ।

सबभन्दा पहिला सिद्धार्थ कुमारको जीवनी सम्वन्धी घटनालाई लिएर छोटकरीमा केही कुरा प्रस्तुत गर्दछु।

सिद्धार्थ कुमार एक प्रख्यात राजकुमार हुनुहुन्छ। उहाँ कति सम्मको नामी र उत्तम राजकुमार हुनुहुन्छ भने (भविष्यमा) आर्य मैत्रीय बोधिसत्त्व जन्मनु नभएसम्म उहाँसमान व्यक्ति यस संसारमा कोही पनि हुने छैन। पछि पनि हुने छैन। व्यक्ति प्रेमले र म एक बौद्ध भिक्षु भएको नाताले यस्तो भनिरहेको होइन।

संसारका प्रख्यात महापुरुषहरूको जीवनी र सिद्धार्थ कुमारको जीवनीलाई राम्ररी ध्यान दिएर अध्ययन गर्ने हो भने वा तुलना गरेर हेर्ने हो भने अन्य महापुरुषहरूको जीवनको दाँजोमा सिद्धार्थको जीवनको मूल्य बढि देखिन्छ।

त्यसैले हामीले सिद्धार्थ कुमारको जन्म भूमि र त्यहाँको धर्मनीति विस्तृत रुपले नभएपनि संक्षिप्त रूपले नै भएपनि थाहा पाईराख्न र बुझिराख्न राम्रो हुनेछ। थाहा पाएर मात्र पुग्दैन उहाँको नीतिलाई आफ्नो बुद्धिले बुझी त्यसलाई आफ्नो व्यवहारमा प्रयोग गरी ठीक बेठिक छुटचाउन सक्नु पनि पर्दछ। विद्वान व्यक्तिहरूसंग छलफल गरी प्रज्ञा प्रयोग गर्नु पर्दछ। बुद्धिमत्ता पूर्वक विचार गरी आलोचना गर्न जान्नु पर्दछ। आफ्नो मगजले गुनेर हेरी आलोचना गर्न नहुने, धर्मवाद, हेतुफल, कारण कार्य नमिलेको धर्मवाद भन्ने बुझियो भने त्यस्तो धर्मलाई त्याग्नुपर्दछ। यो धर्म मेरो गुरु, मेरो बाजे बज्यैहरूको पालादेखि मानेर आएको धर्म, हाम्रो कुल परम्परा देखि मान्दै आएको धर्म वा त्रिपिटकमा उल्लेखित धर्म वा धर्म ग्रन्थमा लेखिएको हो भन्दैमा ठीक बेठिक विचार नगरीकन विश्वास गर्न हुन्न। आलोचना गर्न योग्य नभएमा, कारण फल नमिलेमा त्यस धर्मलाई त्याग्नु पर्दछ।

तर स्वतन्त्र विचार गरी काम नलाग्ने भनी बुझेपनि, हेतुफल नमिलेपनि, आलोचना गर्न नहुने धर्म भएपनि धेरैजसो मानिसहरूले हाम्रो कुल परम्पराबाट आएको धर्म, गुरु परम्परादेखि आएको धर्म, धर्मको मोटो पुस्तकमा उल्लेखित धर्म भन्दै त्यस धर्मलाई त्याग्न नसकी त्यही धर्मलाई पालन गर्दै आइरहेको देखिन्छ, करकापमा परी धर्म पालन गरिरहेका देखिन्छन्। यही कारणले पनि सत्य र असत्य धर्म छुट्टाउन सकिरहेको छैन। सत्य कुन हो भनी पत्ता लगाउन नै कठिन परिरहेको देखिन्छ। त्यतिमात्र होइन, यो धर्म असत्य र काम लाग्दैन भनी बुझिसकेपछि पनि त्यही धर्मलाई समातिरहनु, सत्य तथ्य धर्मलाई भने पालन गर्न नसकिरहनु मानिसहरूको कमजोरीको चिन्ह हो। आज जति पनि धर्मको नाममा अशान्ति भइरहेका छन्, यी सबै सत्य तथ्य धर्मलाई बुझ्न नसक्नुको फल हुन्। हेतुफलवादलाई बुझ्न नसक्नाले नै अथवा बुझेपनि आ-आफ्ना दृष्टि उपादान, आ-आफ्ना जिद्दिपन बानीलाई त्याग्न नसक्नाले पनि अशान्ति भइरहेको देखिन्छ। त्यसकारण जबसम्म दु:खबाट मुक्त हुने ज्ञानमार्गलाई राम्ररी समात्न सकिदैन, तब सम्म बुद्धिमानहरूलाई पनि थाहा पाउँदा पाउँदै गलत बाटो पछ्याइरहेका व्यक्तिहरू भन्नु पर्ने हुन्छ।

## सिद्धार्थ नेपालमा जन्मनु भएको हो

गौतम बुद्धको सिद्धान्त कारण र फलको आधारमा आधारित छ। त्यसकारण उहाँको सिद्धान्त वैज्ञानिक छ। हामीले सिद्धार्थको जीवनी अध्ययन गरी





Downloaded from http://www.dhamma.digital

बुझ्न आवश्यक छ । सिद्धार्थको जन्म नेपालमा भएको हो । भारतमा होइन भनी विशेष होश पुऱ्याई बुझ्नु पर्दछ । नेपाल भारतको उत्तर पूर्वमा पर्दछ । बर्मा देशबाट पश्चिमतर्फ पर्दछ । बर्माको मेचिना भन्ने प्रान्तको पूर्व पश्चिम तर्फ पहाड पर्वत छन् । त्यस पहाडको मुन्तिर आसाम, भुटान, सिक्किम संगै नेपाल पर्दछ । नेपालको उत्तर तर्फ चीन रहेको छ । दक्षिणतर्फ भारत पर्दछ । सिद्धार्थ कुमारलाई नेपाली भन्ने बेलामा उहाँ गोरखाली हो कि भन्ने भान पर्न सक्छ । किनभने हाम्रो बर्मा देशमा नेपालीहरू थुप्रै छन् । तिनीहरू सबै गोरखाली हुन् । नेपालमा थुप्रै जातीहरू छन्– गोर्खाली, तामाङ्ग, शेर्पा, किराती, भगर, गुरूङ्ग, थकाली, भोटिया, तुलाधर, सायमी, श्रेष्ठ, मल्ल आदि । साँच्चिकै पुराना नेपालीहरू त शाक्य वंशीहरू र अरू नेवार जातीहरू हुन् । अहिले नेपाल पहिला जस्तो सानो छैन । यहाँ थुप्रै जातीहरू गाभिएका छन् । तर सँस्कृति तर्फ हेरियो भने नेवारहरूको सँस्कृतिलाई नै नेपाली सँस्कृति भन्न सकिन्छ ।

अब शाक्यहरूको उत्पत्ति विषयमा एकपटक बिचार गरौं । गौतम बुद्ध उत्पन्न हुनुभन्दा अगाडि अभिराजा भन्ने राजा सहित शाक्यहरूको एक समूह कपिल बस्तु छाडी बर्मामा धगाउँ भन्ने नगर बनाई बसोवास गर्न थालेछन् । त्यसपछि गौतम बुद्ध लोकमा उत्पन्न भइसकेपछि विडुढभले शाक्यहरूलाई नाश गरिसकेपछि धजराज भन्ने राजकुमार सहित कोही शाक्यहरू बर्मामा बसोवास गर्न आए । त्यसबेला कतिपय शाक्यहरू हिमालय मुन्तिर अवस्थित नेपालमा बस्न आए । आजभोली त्यही स्थान नेपाल बनेको छ । कतिपय शाक्यहरू प्राणको मायाले जंगलमा लुक्न गए । त्यहिं शहर बनाई बसोवास गर्न थाले । त्यस स्थानमा मयूरको शब्द गुञ्जिएर रमणिय भएको कारणले त्यस स्थानको नाम नै मोरिय देश रहन गयो । *क्रमशः*

---

**क्वे च्वंगु प्रश्नया उत्तर मिले जुइक ब्युपिन्त छें छें वया पुरस्कार ब्यूवई ।**

**प्रश्न**

१. **सिद्धार्थ गर्भे प्रवेश जूबले महामाया देवी गुलि वर्ष दत ?**

२. **गर्भे प्रवेश जूबले सुद्धोदन महाराजा गुलि वर्ष दत ?**

३. **अनाथ पिण्डिक महाजन बुद्ध दर्शन या वँबले छाय् ल्याहाँ वय् त्योंगु ?**

४. **अनाथ पिण्डिक महाजन बुद्ध दर्शन याः वँबले बुद्ध छु याना च्वना बिज्यात ?**

५. **अनाथ पिण्डिक महाजनं बुद्ध नाप लाःबले बुद्धं छु धका सम्बोधन याना बिज्यात ?**

६. **अनाथ पिण्डिक महाजन बुद्ध दर्शन यावने न्ह्यो वयागु नाँ व वया बौ यागु नाँ छु खः ?**

७. **न्हापाँ अनाथ पिण्डिक महाजनं बुद्धयात गुबले गन नाप लात ?**

८. **बुद्धयात नापलाय् धका वना च्वंम्ह अनाथ पिण्डिक गृहपति लिहाँ वय् त्यों बलय् सुना छु धागुलिं लिहाँ मवोगु ?**

*जवाफ पत्र छ्वइगु थाय्–* **हिराकाजी सुइका**
**नागवहाल (कुटि बहाल)**
**ल.पु.उ.म.न.पा वडा नं. १६**

*बुद्ध सम्बत् २५४७ जेष्ठ ३ गते शनिवारमा सिद्धार्थ विश्वविद्यालयको किंकुशल गवेषक मण्डलको गोष्ठीमा श्री रमेश रत्न ताम्राकारद्वारा प्रस्तुत गरिएको छोटो अनुसन्धान कार्यपत्र-*

# म्यान्मारमा बुद्ध-धर्म

**क) म्यान्मार Myanmar वा Burma को परिचय-**

१. क्षेत्रफल - ६,७६,५७७ वर्ग कि. मि. ।

२. जनसंख्या - अन्दाजि ४ करोड ५० लाख ।

३. छिमेकी राष्ट्रहरू - थाइलायण्ड, चीन, लाओस्, भारत र बंगलादेश ।
   दक्षिणतिर बंगालको खाडि र अन्डमन समुद्र ।

४. सबभन्दा अग्लो चुचुरो- देशको उत्तरी भागमा रहेको 'खाकाबो राजि+ (५८८१ मि.) ।

५. देशलाई ७ वटा डिभिजनहरू र ७ वटा स्टेटहरूमा विभाजन गरिएको ।

६. मुख्य शहरहरू - यंगोन, मण्डले, मोलमिन आदि ।

७. मुख्य नदीहरू - इरावदी, छिन्द्विन्, मेकङ्ग आदि ।

८. निर्यात हुने मुख्य वस्तुहरू - चामल, काठ, खनिज आदि ।

९. मुद्रालाई "प्या" र "च्यायट्" भनिन्छ । १ च्यायट् = १०० प्या । बृटिश उपनिवेश हुँदा यहाँको मुद्रालाई "रुपी" भनिन्थ्यो ।

१०. यहाँ पाइने ऋतुहरू - जाडो, गर्मी र बर्षा ।

११. राधनी शहर - यंगोन (जनसंख्या - ४० लाख) ।

**ख) म्यान्मारका प्राचीन धर्महरू-**

प्राचीन कालदेखि म्यान्मारमा प्रकृति-पूजाको साथै त्यसैबाट विकशित ऐतिहासिक प्रमाणबिनाका अलौकिक प्राणीहरू (Spirits) को पूजा गर्ने चलन थियो । यिनीहरूलाई 'नटहरू (Nats)' भन्ने गरिन्छ र यिनीहरूको संख्या ३७ छन् । आजभोलि पनि प्राय: जसो म्यान्मारहरू नटहरूको पुजा गर्दछन् । यिनीहरूको मूर्ति तथा चित्रहरू घर र पसलहरूमा मात्र नभई प्राय:जसो सबै ठूला चैत्यहरू (अंग्रेजीमा 'पगोडा' र म्यान्मारमा 'फया' वा 'जेदि') को प्रवेशद्वार र परिसरहरूमा भेट्टिन्छन् । मुख्य चैत्यको पूजा गर्नुभन्दा अगावै त्यहाँ राखिएका नटहरूको पूजा गरी पैसा, फलफूल आदि चढाउने मानिसहरू धेरै छन् ।

नट-पूजाद्वारा मनको ईच्छा पूर्ति हुन्छ भन्ने ती मानिसहरूको भनाइ छ । जाँचमा पास हुनलाई, चिठ्ठा पार्नलाई, वैदेशिक रोजगारिको लागि, छात्रबृत्ति आदिको लागि नट पूजा गरिन्छ । नट-पूजा गर्नाको अर्को कारण हो- उनीहरूको पूजा गरिएन भने रिसाएर सराप पनि दिन सक्छ भन्ने धारणा हुन् । त्यसैले उनीहरू भन्दछन् - "बुद्धले देखाउनु भएको बाटोमा हिंड्नु पर्दछ तर नटहरूदेखि डराउनु पनि पर्दछ (Follow the Buddha but fear the Nats) ।"

यसरी नट-पूजाको चलन भगवान बुद्धको समयभन्दा अघिदेखि आएको हो र यो अहिलेसम्म पनि चलिनै राखेको छ ।

उत्तरबाट बसाईंसराईं गरी म्यान्मार पसेकाहरूको तर्फबाट पुर्ख्यौलि पूजा र पश्चिमतिरबाट पसेकाहरूको तर्फबाट वैदिक ब्राह्मणबाद पनि यहाँ भित्रिए । वैदिक ब्राह्मणवाद अन्तर्गत देवीदेवताहरूको पूजा, ग्रह-पूजा, जादुवाद वा रहश्यवाद (Occult Science), खगोलशास्त्र, ज्योतिषशास्त्र आदि पर्दछन् ।

**ग) बुद्ध-धर्म म्यान्मारमा पहिलो पटक भित्रिएको बारे-**

बुद्धले बोधिज्ञान प्राप्त गर्नुभएपछि सबभन्दा पहिले द्वैवाचिक शरणमा जाने व्यक्तिहरू दुइजना व्यापारी दाजुभाइहरू थिए । उनीहरूको नाम तपस्सु र भल्लुक (कहिँकहिँ तपुस्स र भल्लिक भनेर पनि उल्लेख गरिएको) र उनीहरू म्यान्मारको उकला क्षेत्रमा पर्ने पोक्खरवति भन्ने ठाँउका थिए ।

ती दाजुभाइहरूले सदाको लागि पूजा गरिराख्नको लागि भनेर बुद्धसँग केही चिन्ह दिनुहुनको लागि अनुरोध गर्दा उहाँले आफ्नो शीरको आठ वटा रौंहरू दिनुभयो । उकलामा फर्किसकेपछि उनीहरूले सिङ्गुत्तर डाँडाको तिकुम्ब भन्ने ठाउँमा एउटा चैत्य बनाएर त्यसमा ती रौंहरू थापना गरे । म्यान्मारहरू विश्वास गर्छन् कि अहिलेको 'श्वेदगों' चैत्य त्यहि (Shwedagon Pagoda) चैत्य हुन् ।

**घ) सम्राट अशोकको पालामा बुद्ध-धर्म प्रचारार्थ धर्मदूतहरू म्यान्मार पठाएको बारे-**



Downloaded from http://www.dhamma.digital

राजा अशोकद्वारा ई.पु ३०२ (बु.सं. २३५) मा भारतको पाटलिपुत्र शहरमा तेश्रो बौद्ध संगायना गरिएको थियो । यसमा जम्मा १ हजार अर्हतहरूको धर्मप्रचारार्थ दूतहरू खटाइए । सोण थेर र उत्तर थेर लगायतका ५ जना भिक्षुहरूको एक समूह सुवण्णभूमि (म्यान्मार) खटाइएको थियो ।

**ङ) म्यान्मारमा थेरवादी बुद्ध-धर्म चलेको बारे-**

बुद्धको पालामै म्यान्मारमा बुद्ध-धर्म भित्रिएको भए पनि त्यसबेला देखि हजारौं बर्षपछिसम्म पनि प्रकृति-पूजा र अरु वाद, धर्म तथा विश्वासहरूसित मिस्सिएर यो धर्म चलिराख्यो । यसरी अशुद्ध अवस्थामा चलिराखेको बुद्ध-धर्मलाई सकेसम्म शुद्ध बनाई चलाउने महान व्यक्ति म्यान्मारका राजा अनोरथ हुन् । उहाँ म्यान्मारको राष्ट्र निर्माता पनि हुनुहुन्छ । उहाँको शासन-काल सन् १०४४-१०७७ हो ।

राजा अनोरथलाई बुद्ध-धर्मको शुद्ध ज्ञान दिने व्यक्ति "भिक्षु शिन अरहन" हुन् । उहाँको उपदेशबाट अति प्रभावित भएपछि उहाँकै सल्लाह र सुझावले राजा अनोरथले त्यस बेला चलिराखेको बुद्ध-धर्ममा धेरै सुधार गरेर थेरवाद बुद्ध-धर्म चलाए । बाहिरी कुरा केही नमिस्साई बुद्धले बताउनु भए अनुसार पालना गरिने शुद्ध बुद्ध-धर्मलाई थेरवाद बुद्ध-धर्म भनिन्छ । यही धर्म निरन्तर रुपले चली म्यान्मार एउटा थेरवादी बौद्ध-राष्ट्र बनेको छ ।

**च) पाँचौ र छैठौं बौद्ध-संगायना-**

पाँचौं बौद्ध-संगायना म्यान्मारको दोश्रो अन्तिम राजा मिलिन्दको पालामा सन् १९७१ को नवेम्बरमा मण्डले भन्ने ठाँउमा भएको थियो । २४०० विद्वान भिक्षुहरूले भाग लिएको यस संगायनामा ताडपत्रमा लेखिएको त्रिपिटक दीर्घकालनि नहुने हुनाले आवश्यक सुधार सहित त्रिपिटकलाई ७२९ वटा सिंहमर्मरका स्लायब्रहरूमा कुँदिएको थियो । प्रत्येक स्लायब्लाई राख्नको लागि मन्डले डाँडाको फेदमा "लोकमारजिन" पगोडाको परिसरमा एउटा-एउटा चैत्य बनाउन लगाएको थियो । यो काम ७ बर्ष ६ महिना र १४ दिनमा पूरा गरिसकेपछि ५ महिना ३ दिन सम्म भिक्षुहरूद्वारा सूत्र-वाचनका साथ पूजा गरिएको थियो ।

यस पाँचौं संगायनाको लगत्तै बौद्ध पालि ग्रन्थलाई म्यान्मार भाषामा उल्था गरिएको थियो ।

छैठौं बौद्ध संगायना सन् १९५४ को मे: महिनामा म्यान्मारको यंगोन शहरको "कबाय" भन्ने ठाँउमा सोहि कार्यको लागि बनाइएको महापाषाण गुफामा सम्पन्न भएको थियो । पाँच वटा थेरवादी बौद्ध देशहरूबाट गरी जम्मा २५०० बौद्ध भिक्षुहरू उपस्थित गराइएको यस छैठौं बौद्ध संगायनाको मुख्य उद्देश्य थियो- ब्रिटिसहरूद्वारा झण्डै १०० बर्षसम्म शासन चलाइएको कारणले अवनति भएको बुद्ध - शासनको शुद्धिकरण र विस्तार गर्नु । भिक्षु महासि सयादो लगायत अरु ५ जना म्यान्मार भिक्षुहरूले यस संगायनाको अगुवाइ गरेका थिए ।

यस संगायनामा पालि ग्रन्थलाई अंग्रेजीमा उल्था गरिनुको साथै जनताहरूको सहयोगमा यंगोन र मन्डलेमा गरी दुइ वटा राज्यस्तरीय परियत्ति पढाउने विश्वविद्यालयहरूको स्थापना गरिएको थियो । बुद्ध-शासनमा देखिएका विकारहरूलाई हटाउनुको साथसाथै धर्म-प्रचारकहरूलाई देश र विदेशका विभिन्न ठाँउहरूमा पठाएका थिए ।

म्यान्मारको इतिहासको अध्ययन गर्दा थाहा हुन्छ कि म्यान्मारमा थेरवादी बुद्ध-धर्मको विकास हुँदै गइरहेको मात्रै होइन यो देशले छिमेकी देशहरू भारत र श्रीलंकामा बुद्ध-धर्ममाथि संकट आइपरेको बेलामा समेत त्यसबाट मुक्ति पाउनको लागि ठोस मद्दत दिन समेत सफल भएको छ ।

**छ) म्यान्मारमा हाल भइरहेको बुद्ध-धर्मको विकाश-**

१. म्यान्मार "पगोडै पगोडाले भरिएको देश" भनेर प्रशिद्ध भएझैं "थेरवादी बौद्ध देश" को रुपमा पनि चिनिन्छ । यहाँ ९० प्रतिशत जनता बौद्धहरू हुन् ।

२. यहाँका भन्ते र गुरुआमाहरूको संख्या ५ लाख जति छ ।

३. यहाँ शयौं ध्यान-केन्द्रहरू छन् । हरेक वर्ष थुप्रै विदेशीहरू ध्यान-भावना गर्नलाई यहाँ आउँछन् । यहाँ प्रचलित ध्यान-विधिहरूमा मुख्य हुन्- महासि सयादो विधि, सुनलुन विधि आदि ।

४. विशेषगरी हरेक पूर्णिमामा यहाँका मानिसहरू पगोडाहरूको दर्शन गर्न जान्छन् । पूर्णिमामा विद्यालय, सरकारी कार्यालय आदि बन्द हुन्छन् । अष्टमी र औंशीमा पनि धेरै मानिसहरू

पगोडाहरूमा पुगे पनि यी दिनहरूमा पूर्णिमामा जस्तो खासै हूल हुँदैन। यहाँका विद्यालय शनिवार खुल्छन्, आइतबार मात्र बन्द हुन्छ।

५. सबै चाड-पर्व, समारोह र रीतिथितिहरूमा बुद्ध पूजा हुन्छ।

६. विद्यालयहरूमा लामो विदाको अवधिमा बच्चाहरूलाई ध्यान केन्द्रहरूमा पठाई त्यहाँका भन्तेहरूको निगरानिमा ध्यान गर्न सिकाउने र पढाइ गराउने चलन व्याप्त छ।

७. बुद्धको मूर्ति, बुद्धको चित्र नभएका घर-पसलहरू भेट्टाउनै गाह्रो छ। त्यहाँका हिन्दूहरूको पनि बुद्ध-मूर्ति र चित्र राखी पूजा गरिराखेका हुन्छन्।

८. भन्तेहरू जुत्ता नलगाई र छाता नओढिई भिक्षाटन गरिराख्नु भएको र गृहस्थीहरू घर र पसलबाहिर उभी दान दिइराखेका दृश्यहरू दिनहुँ देख्दा त्यहाँका मानिसहरूको बुद्ध-धर्म र भन्तेहरू प्रतिको श्रद्धा छर्लङ्ग हुन्छ।

९. त्यहाँ विश्व-प्रख्यात बौद्ध-विद्वानहरू धेरै छन्। नेपालका स्व. प्रज्ञानन्द महास्थविर, ज्ञानपुण्णिक महास्थविर, धम्मवती गुरुआमा आदिले म्यान्मारमा बुद्ध-शिक्षा हासिलगर्नु भएको थियो।

१०. त्यहाँका शहरहरूमा बौद्ध-विश्वविद्यालयहरू छन्। ती मध्ये यस कार्यक्रम प्रस्तुतकर्ता यंगोन शहरस्थित International Theravada Buddhist Missionary Universty (ITBMU) मा शैक्षिक सत्र २००२-२००३ मा अध्ययन गरी फर्कनु भएको छ। यस युनिभर्सिटिमा झण्डै २५ देशका १०० जना विदेशीहरूलाई नि:शुल्क शिक्षा, बस्ने, खाने र भ्रमणको व्यवस्था गरिएको छ। त्यसरी नै त्यहाँ अध्ययन गरिरहेका म्यान्मारहरूले पनि पढाइ-शुल्क तिर्नु पर्दैन।

११. म्यान्मारमा विद्यालय स्तरदेखि बुद्ध-धर्म पठन पाठनको राम्रो व्यवस्था गरिएको छ।

-: समाप्त :-

# अनिच्चावत संखारा

अनिच्चावत संखारा उप्पादवय धम्मिनो।
उपज्जित्वा निरुज्झन्ती तेसं ऊपसमो सुखो॥



***जन्म:***
बि.सं. १९९१ आषाढ मासे
शुक्ल पक्ष दिला पुन्हि

***दिवंगत:***
बि.सं. २०६० भाद्र २६ गते, शुक्रवार

**दिवंगत दिलमाया शाक्यया पुण्य स्मृतिस श्रद्धाया स्वाँ: देछाना।**

*जहान :* **धर्मचन्द्र शाक्य**

*काय्पिं :*
**केशचन्द्र शाक्य**
**महेशचन्द्र शाक्य**
**विकासचन्द्र शाक्य**
**नबिनचन्द्र शाक्य**
**सचिनचन्द्र शाक्य**

*भौ पिं :*
**चमेली शाक्य**
**रेणु शाक्य**
**एरिका शाक्य**
**सूचित्रा शाक्य**
**यज्ञलक्ष्मी शाक्य**

*म्ह्याय्पिं :*
**केशबेती शाक्य**
**अञ्जली शाक्य**
**उज्जला शाक्य**
**सरला शाक्य**
**सरमिला शाक्य**

त्री-भूवन पार्क, बनेपा



Downloaded from http://www.dhamma.digital

# मृत्यु बिर्सीएकी कृशा गौतमी

✒ धर्मसुन्दर वज्राचार्य, थिमि

आज भन्दा २६०० वर्ष अगाडि गौतम बुद्धको जीवित अवस्थामा कोशल राज्यको श्रावस्ती नगरमा कृशा गौतमी नामक महिलाको जीवनमा घटेका घटना हुन्। यो घटनाबाट तत्कालिन समाजको जिवन्त तस्विर देख्न सकिन्छ। त्यति बेलाको पित्तृसत्तात्मक समाजमा महिलालाई बच्चा पाउने एक साधनको रुपमा लिएको यस घटनाबाट बुझ्न सकिन्छ। तत्कालिन समाजमा यदि विवाह पछि समयमा नै सन्तान भएन भने परिवार, समाज तथा आफ्नै लोग्नेबाट समेत तिरष्कृत भएका घटना कृशा गौतमीको जीवनीबाट थाहा पाउन सकिन्छ।

बुद्धकालिन समयमा श्रावस्ती नगरको एक विपन्न वर्गिय परिवारमा कृशा गौतमीको जन्म भयो। आमाबाबुको लालनपोषण र मायाप्रितिले वसन्त ऋतुको कोपिला जस्तै बैंश चढ्दै थियो। पूर्णिमाको चन्द्र जस्तै धपक्क बलेकी कृशा गौतमीलाई उनकी सु-शिक्षीत सरल सुबोध बानीले गर्दा श्रावस्ती नगरका महाजनका सुपुत्रसंग उनको विवाह भयो। विपन्नतामा हुर्के उनी, विवाह पछि सम्पन्नतामा परिणत भइन्। आफ्नो लोग्नेका साथ साथै जहान परिवार सबैको स्नेहबाट उनी खुशी थिइन्।

समय बित्दै गयो र तर उनी गर्भवती भइनन्। उनी गर्भवती नभएको कारणले गर्दा बिस्तारै जहान परिवारहरूले उनलाई गरिने व्यवहारमा परिवर्तन आयो। हुँदा हुँदा आफ्नै लोग्नेबाट समेत उनी तिरस्कृत बन्न पुगिन्। महाजनको घरमा अब उनी बुहारीको रूपमा होइनन् एक नोकरनीको रूपमा परिणत भइन्। सबै जहान परिवार र आफ्नो लोग्नेको सामु उनी अलछिनी भइन्। क्रमश: उनको जीवन अंधकारमय हुँदै गए।

विधाताको लिला अपरम्पार! औंशी पछि पूर्णिमा आए जस्तै कृशा गौतमीको पनि विवाह भएको लामो समय ५ बर्ष पछि उनी गर्भवती भइन्। अब उनी गर्भवती भइन्, उनी माथि थुप्रिएका तिरस्कारहरू आफसे आफ मेट्दैगयो। आफ्नो लोग्ने लगायत सपरिवारबाट स्नेह पाइन्। अब उनी सबैको स्नेहको केन्द्र बिन्दु भइन्। उनलाई केहि होला भनेर सबैलाई चिन्ता भयो। केहि गर्न नलगाई, राम्रोसंग हेरबिचार गरेर राखियो। सबैको व्यवहारबाट कृशा गौतमीले बिचार गरिन्। म गर्भवती भएको कारणले गर्दा नै यिनीहरू सबैले मलाई माया गरेका हुन्। म समयमा गर्भवती नभएको कारणले गर्दा मलाई सबैले तिरस्कार गरे। उनी माथि गरिएको व्यवहारको भिन्नता राम्रोसंग बुझिरहेकी थिइन्।

एकदिन समय पुरा भएपछि कृशा गौतमी आमा बनिन्। उनले सुन्दर बालकको जन्म दिइन्। छोरा जन्मिएकाले स-परिवार अत्यन्त खुशी भए। फेरि एकचोटि कृशा गौतमीको जीवनमा कालो अध्याँरोलाई छिचोर्दै चन्द्रमाको उदय भयो। बिस्तारै बालक पनि हुर्किंदै गयो। छोराको टोटे बोलीले मामा! पापा! भनेको सुन्दा कृशा गौतमी भावले विभोर हुने गर्थिन्। कता कता आफूलाई संसारका भाग्यमानी व्यक्तिहरू मध्ये एक ठान्ठिन्।

बिधिको बिडम्बना जब बालक अलि अलि हिंड्न खोज्ने भइयो। अचानक कुनै दुर्घटनाको कारणले उ बिरामी पऱ्यो। तत्कालिन समयका नामुद वैद्यराजहरूलाई देखाइयो। तर केहि सीप लागेन। अन्तमा आफ्नो हृदयको टुक्रालाई कालले मन पराए। कृशा गौतमीको छोरा कहिल्यै नब्युँझने गरी चिरनिद्रामा परे। छोराको मृत्यु पश्चात् आफ्नो लोग्ने लगायत संपूर्ण परिवारहरूले कृशा गौतमीलाई छोरा टोक्ने, अलक्षिणी, बोकसी, डाँकिनी आदि अनेक अपशब्द प्रयोग गरे। सबैबाट एकैचोटि छि: छि: दूर दूर गरे। यो छोरा टोक्ने अलक्षणीको अनुहार नै हेर्न हुँदैन भनेर अलग्याए। एकातिर आफ्नो मुटुको टुक्रासमान छोराको मृत्यु र अर्कोतिर स-परिवारबाट तिरस्कारले गर्दा कृशा गौतमी बेहोशी भइन्। उनले "जन्म पछि अवश्य एकदिन मृत्यु हुन्छ" भन्ने तथ्यलाई समेत बिर्सिन्। मृत्यु भइसकेको छोराको लाशलाई लिई श्रावस्ति नगरका वैद्यराजहरू कहाँ गई "सुतिराखेको मेरो छोरालाई, ब्युँझाइ दिनुस्" भनेर भौंतारिंदै थिइन्। उनी बौलाही जस्तै छोराको शवलाई लिई एक ठाउंबाट अर्को ठाउँमा भौंतारिंदै थिइन्।

कृशा गौतमीको यो अवस्था देखि करुणा गर्ने कुनै व्यक्ति श्रावस्ति नगरमा थिएन। उनलाई सम्झाउनको सत्तामा बरु सबैले "बौलाही आयो, बौलाही आयो" भनेर जिस्क्याउन थाले। कुनै सहानुभूती राख्ने व्यक्ति भएन। कोहि कोहि व्यक्तिहरूले कृशा गौतमीलाई जिस्क्याउन "यदि अचिरवत्ति नदिबाट काढाँ नभएको कमलको फूल ल्याई, औंशीको रातमा चन्द्रमालाई चढाएमा तिम्रो छोरा बाँच्ने छ" भनि भन्थे। तर कृशा गौतमीलाई

कमलको फूलमा काढाँ नहुने र औंशिको रात चन्द्रमा नहुने समेत थाहा नहुने गरी बेहोशी भई सकेकी थिइन् । यसरी भौंतारिन्दै हिंडीरहन्दा एकजना भद्र पुरुषले कृशा गौतमीको अवस्था देखी "तिम्रो छोरालाई बचाउन सक्ने वैद्य, जेतवन विहारमा बिराजमान भई राखेको छ ।" भनेर भने । भद्रपुरुषको वचन सुनी उनलाई धन्यवाद दिई, आफ्नो छोरा बाँच्ने आशामा गौतम बुद्धलाई भेट्न उनी जेतवन विहार गइन् । शास्ताको अगाडि आफ्नो मरेको छोरालाई सुताई कृशा गौतमीले आफ्नो सुती राखेको छोरालाई कसैले नब्युझांइ दिएको कुरा शास्तालाई बताईन र ब्युझाई दिनको लागि प्रार्थना गरिन् ।

करुणाको खानी हुनु भएका सर्वज्ञ बुद्धले कृशा गौतमीको अवस्थालाई ध्यानमा राखी भन्नु भयो "कृशा गौतमी ! तिम्रो छोरालाई म ब्युझाँइ दिन्छु, धन्दा नमान ।" बुद्धको करुणायुक्त वचन सुनी, आफ्नो आलो घाउमा मलहम लगाई दिए जस्तो शीतल अनुभुती लिई निराश भई सकेको मनमा प्रफुलित भएको अनुभव गरिन् । अनि कृशा गौतमीले विनय पूर्वक गौतम बुद्धलाई अनुरोध गरिन् "भो शास्ता ! मेरो छोरालाई ब्युझाँउन के चाहिन्छ ?" कृशा गौतमीको प्रश्नको उत्तर दिंदै बुद्धले भन्नुभयो "कृशा गौतमी ! तिम्रो छोरोलाई ब्युझाँउन यो श्रावस्ति नगरबाट एक मुट्ठी तोरीको गेडा लिएर आउनु, तर त्यो तोरीको गेडा कुनै पनि मान्छे नमरेको घरबाट ल्याएको हुनुपर्छ ।

शास्ताको कुरा सुनी मर्नुपर्छ भन्ने समेत बिर्सिएकी कृशा गौतमी आफ्नो छोरा बाँच्ने आशामा एक मुट्ठी तोरीको गेडा लिन श्रावस्ति नगरमा गइन् । आफ्नो छोरा बचाउने मृतसंजीवनी एक मुट्ठी तोरी लिन श्रावस्ति नगरको प्रत्येक घरको ढोका चाहारिन् । तर कुनै पनि मान्छे नमरेको घर भेट्टाउन सकिनन् । अन्तमा "जन्म भएपछि अवश्य मेव एकदिन मृत्यु हुन्छ" भन्ने ध्रुवसत्यलाई सांक्षात्कार गरिन् । आफ्नो मुटुको टुक्रा समान छोराको मृत्युले "एकदिन मर्नुपर्छ" भन्ने कुरालाई नै बिर्सी बेहोसी भएकी कृशा गौतमी बुद्धको वचन अनुसार छोरा बचाउने मृतसंजीवन एक मुट्ठी तोरी खोज्न जाँदा जाँदै होशमा आइन् । यो संसारमा "जन्म पछि अवश्य मर्नुपर्छ" भन्ने कुरा थाहा पाइन् । आफ्नो अज्ञानतालाई बुझी एक मुट्ठी तोरी खोज्ने काम त्यागी अन्त्यमा गौतम बुद्धको शरणमा गई बुद्धधर्ममा दिक्षीत भइन् ।

यो बुद्धकालिन घटनाबाट हामीले त्यति बेला गौतम बुद्धले कसरी मानिसहरूलाई दिक्षित गराउनु हुन्छ भनी थाहा पाउन सकिन्छ । मानिसहरूलाई भित्री हृदयसम्म यथार्थतालाई सरल तरीकाले बोध गराउने गौतम बुद्धको शिक्षाले २६०० वर्ष अघि प्रतिपादन भएको बुद्ध धर्म २१ सौं शताब्दिसम्म पनि निरन्तर रुपमा प्रचार प्रसार भइरहेको मूल कारण हो । शान्तिका महानायक, नेपाल आमाका सुपुत्र गौतम बुद्धको जीवनी पढ्दा यस्तो अनेकौं घटनाहरू थाहा पाउन सकिन्छ । विभिन्न बुद्धकालिन घटना मध्ये कृशा गौतमीको घटना पनि एक हो । अस्तु !

✿ धर्मकीर्ति विहार ✿ — **गतिविधि**

## न्याकोगु लेखन सम्बन्धी तालिम नं क्वचाल

यैं, २०६०।०६।२७ शनिवार ।
स्थान- धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी ।

शहरय् कर्फ्यू जूगु चाया कन्हेसँ न्ह्याःगु थुगु क्लासय् न्हापा स्वया छुं भचा कम प्रशिक्षार्थीपिं उपस्थित जूगु खनेदत । तर गुलि नं उपस्थित जुल उमिगु उत्साह चाहिं कम मजू ।

दकले न्हापाँ थुगु तालिमया प्रशिक्षक भाजु सुरेश किरण मानन्धरजुं प्रशिक्षार्थीपिन्त च्वसू च्वयबले वैगु समस्या न्ह्यब्वेगु मौका बिया दिल । थःथगु प्रश्न ह्यने तय्गु क्रम शुरु जुल । थ्व हे क्रमे वय्कलं गैर नेवा शब्द नापं टेक्निकल व वैज्ञानिक शब्द गय्याना छ्यलिगु व गुलि हदतक छ्यलिगु धैगु स्यनादिल । बौद्ध लेख च्वय्बले नं पालि भाय्या कारणं थजोगु हे समस्या पिहाँ वइगु नं खँ जुल । अथे हे लेख च्वय्त माःगु जानकारी गनं गनं संकलन याय्गु धका नं बांलाक कनादिल । नापं बाखँ, उपन्यास व लेखया भिन्नता छर्लङ्ग याना दिलसा लेख नं बाखँ शैली च्वय्ज्यू धका नं धइदिल ।

प्रश्नोत्तरया क्रम धुंका भाजु मानन्धरजुं सम्पादन प्रक्रियाया बारे नं प्रकाश यानादिल । झीगु लेख पत्रिकाय् छापे याय्त बीयंके धुंका छापे मजुतले गजोगु प्रक्रिया न्ह्याइ धका कनादिल । थन ज्या प्रधान सम्पादक व उप-सम्पादक पिनिगु खःसां थ्व प्रक्रिया थुल धासा लेखक व सम्पादक निगुलिं पक्षयात फाइदा जुइगु व निगुलिं पक्षबीच समझदारी बढेजुइगु खँ ध्वाथुइकादिल ।



Downloaded from http://www.dhamma.digital

जातक-कथा

# जात र धन ठूलो कि शील ठूलो

भिक्षु संघरक्षित, संघाराम "सद्धम्म कोविद"

धेरै समय अघिको कुरा हो । बनारस देशमा ब्रह्मदत्त राजाले राज्य गर्दथ्यो । त्यतिबेला बोधिसत्त्व राजाको पुरोहित ब्राह्मणका रूपमा जन्मेका थिए ।

पुरोहित ब्राह्मणको चरित्र राम्रो थियो । ऊ धर्मात्मा र दानी थिए । सदाचारमा बस्दथे । सबैप्रति दया-करुणा राख्दथे । शिल्पविद्यामा निपुण थिए । उनका यही गुणले गर्दा राजाले उसलाई विशेष मान-सम्मान गर्दथे ।

एक दिन पुरोहितको मनमा खुल्दुलि जाग्यो- राजाले आफूलाई विशेष सम्मान गरेको आफ्नो जात-गोत्र र धनलाई हेरेर हो कि अथवा शील सदाचारलाई हेरेर हो । एक चोटि परीक्षा गर्नुपर्‍यो ।

पुरोहितले दरबारबाट फर्किने बेला बाहिर सरकारी सुनको पसलबाट एउटा असर्फि (सुनको पैसा) सुटुक्क लिए र आफ्नो बाटो लागे । पसलेले देखेर पनि राजाको पुरोहित हो भनेर चुप लागेर बस्यो ।

अर्को दिन पनि पुरोहितले उस्तै गरी दुई वटा असर्फि लियो र आफ्नो बाटो लाग्यो । यस बखत पनि पसलेले शीलवान् ब्राह्मण हो भनेर चुप लागेर बस्यो ।

फेरि अर्को दिन पुरोहितले तेस्रो पल्ट पनि त्यहीं पसलबाट एक मुठ्ठि असर्फि लियो र आफ्नो बाटो जान लाग्यो । "शीलवान् ब्राह्मण भनेको चोर पो रहेछ" भनी पसलेले यसपटक पुरोहितलाई छोडेन । 'चोर ! चोर !' भनेर कराउँदै पुरोहितलाई समाते । आवाज सुनेर दायाँबायाँबाट मान्छेहरूको भीड जम्मा भयो । सबैले उसलाई समातेर हातलाई पछाडिबाट बाँधे । दुई चार हात हाने, लात पनि दिए । अनि उसलाई राजा समक्ष हाजिर गराउन राजदरबारमा लगे ।

बाटोमा एकजना चटके भेट्यो । ऊ एउटा सर्पबाट चटक देखाउँदै थियो । कहिले सर्पको पुच्छर समातेर, कहिले घाँटी समातेर । अनि कहिले सर्पलाई आफ्नो घाँटीमा बेरेर । यस्तो देखेर बाँधिएर आएको पुरोहितले भने– "हे चटके ! सर्पलाई त्यसरी जहाँ पायो त्यहाँ समात्नु ठीक छैन । विषालु सर्पले टोक्न सक्छ । घाँटीमा मात्र समात्नु राम्रो होला ।"

यो सुनेर चटकेले भन्यो– "हे पुरोहित ! यो सर्प आफ्नो ठाउँमा शीलवान् छ, तिमी जस्तो दुश्शील छैन । त्यसैले, यसले टोक्दैन ।"

यस्तो सुनेर पुरोहितको मनमा लाग्यो, सर्प जस्तो विषालु प्राणीले पनि टोक्न छोडेपछि शीलवान् भनी आदर-सम्मान गर्दा रहेछन् । अहो ! संसारमा शीलनै उत्तम छ शीलनै श्रेष्ठ छ ।

पुरोहितलाई जनताले राजाको अगाडि राखेर भएको सबै कुरा सुनाए । शीलवान् भनेर विशेष सम्मान गरेको पुरोहितले चोरेको देखेर राजालाई दुःख लाग्यो । अनि दूतहरूलाई आज्ञा दियो– "हे दूतहरू ! लैजाऊ यो दुष्ट पुरोहितलाई मेरो आँखाबाट टाढा ! राजदण्ड देऊ यसलाई ।

राजाले आफूलाई सजाय दिन लागेको देखेर पुरोहितलाई अब राम्ररी थाहा पायो, आफ्नो शील र चरित्रलाई देखेर नै राजाले आफूलाई विशेष सम्मान र आदर गरेको रहेछ, जात-गोत्र र धनलाई देखेर होइन ।

पुरोहितले भने– "महाराज ! म चोर होइन ।"

राजालाई आश्चर्य लाग्यो - "तिमी कसरी चोर होइनौ ? यत्तिका मान्छेहरू साक्षि छन् ।"

पुरोहितले थपे– "महाराज ! त्यो सबै परीक्षा गर्नको लागि गरेको थिएं कि हजूरले मलाई शीललाई देखेर विशेष सम्मान गरेका हुन् कि जात र धनलाई हेरेर । तर मैले राम्ररी जानें, संसारमा शील नै ठूलो रहेछ, शीलनै कल्याणकर रहेछ ।"

पछि पुरोहित ब्राह्मणले राजाको, परिवारको अनुमति लिएर ऋषिभेषमा हिमालतिर लागे । त्यहाँ उनले राम्ररी शीललाई पालन गरे । ध्यान-भावना गरे । पछि उनले पञ्चाभिज्ञ र अष्टसमापत्ति ध्यान भन्ने ठूला-ठूला ध्यानहरू पनि प्राप्त गरे । उनको जीवन सुखमय भयो । ■

# मैत्री केन्द्रमा हाम्रो जीवन

विनिता बादे,
*ध्यानकुटी बाल आश्रम*

काठमाडौं राजधानीमा दिनमा दुई-चार पैसा मागेर आफ्नो पेट भर्ने, अरुको घरमा भाँडा माझ्ने, जस्ता काम गरेर खाने शिक्षाको अभाव, रोग, भोकले सताई आफ्नो दुखित जीवन बिताइरहेका बालिकाहरूलाई सहारा दिई तिनीहरूको गाँस, बास, कपास जस्ता आधारभूत आवश्यकताका अतिरिक्त जीवनको अभिन्न अङ्ग शिक्षाको न्यानो घाम र स्वास्थ्य उपचार जस्ता सम्पूर्ण आवश्यकताहरू पुरा गर्दै चौथो वर्षमा प्रवेश गर्न लागेको छ बनेपा ध्यान कुटी विहार स्थित मैत्री केन्द्र बाल आश्रम ।

डोको बोक्ने ढाडमा किताब भरिएको झोला, हँसिया र अरुको जुठो भाँडा माझ्ने, शडकमा केही पैसा पाउनका लागि थाप्ने कलिला हातहरूमा अहिले कलम, मलिन देखिने अनुहार हँसिलो र उज्यालो भएको छ ।

अहिले यस मैत्री केन्द्रमा हाम्रै देशको राजधानी लगायत विभिन्न गाउँ-गाउँका १२ जना हामी बालिकाहरू आफ्नो उज्यालो भविष्यको उज्यालो सिँढि चढ्दै छौं ।

मानिसको परिचय नै उसको व्यवहार हो । हामीले आफ्नो परिचय केवल व्यवहारबाटै देखाउन सक्छौं । न त धनबाट न त रुपबाट नै । त्यस्तै शिक्षा हामीले सिकेका छौं । आफुले गर्नुपर्ने नीति नियम विहारमा बसेर विभिन्न गुरुजनहरूबाट पाउने अवसर पाएका छौं । अर्थात हामीले नैतिक शिक्षा (Moral Education) हासिल गर्न पायौं ।

पहिले अरू झोला बोकी विद्यालय जाँदा हामी खेतमा अथवा ईटा भत्तामा ईंट पार्न जान्थ्यौं तर अहिले हामी पनि कम्मर कसी विद्यालय जान्छौं । विद्यालयमा सबैले हामीलाई मायाँ गर्नु हुन्छ । हामी पनि विद्यालयको नियम पालना गर्छौं । हामी विद्यालयमा अध्ययन गरेको आज चार बर्ष हुँदैछ । अहिले सम्म हामी प्रत्येक कक्षाहरूमा पहिला, दोश्रा र तेश्रा हुन सफल छौं । हामी कोही २ कक्षा कोही ३,४,५,७,८ कक्षामा पढ्दै छौं । अहिले हामीले आफ्नो सम्पूर्ण अधिकार पाएका छौं ।

यस मैत्री केन्द्रका संस्थापक दिदी दाईहरूले हामीमा कुनै कमी आउन दिनु भएको छैन । आफ्नै बहिनीहरू समान माया ममता दिनुहुन्छ, हाम्रो ईच्छाहरू पुरा गरिदिनु हुन्छ । उहाँहरूले हामीहरू जस्ताको सेवा गर्न र एकदिन राष्ट्रको दक्ष कर्णधार बनाउन नै यस मैत्री केन्द्रको स्थापना गर्नु भएको हो ।

जस्तो नाम उस्तै काम भनेझैं, यस मैत्री केन्द्रले यसरी हाम्रो एक नाजुक हालतलाई एउटा चम्किलो तारा बनाउन धेरै साहारा दिइरहेका छन् ।

मिति २०५७ साल देखि हामी यहाँ हाँसी खुसी बसिरहेका छौ । हामी एक अर्काका दु:ख सुखका बारेमा धेरै कुराकानी गर्छौं र अहिले आफैले आफैलाई धेरै भाग्यमानी ठान्छौं । हामी सबै एक भएर बसेका छौं । जुनसुकै काम कुरा पनि हामी एक साथ छलफल गरेर सबैले मिली काम गर्छौं । सबैको माया, ममता र एकताले हामी सबै एक छुट्टै परिवार झैं हाँसीखुसी उज्यालो भविष्य तर्फ बढीरहेका छौं । ■

## ध्यानकुटी मैत्री संघ बाल आश्रमलाई सहयोग

| | | | |
|---|---|---|---|
| १. | स्व. पुत्रको पुण्य स्मृतिमा तीर्थदेव मानन्धरबाट | - रु. | २००/- |
| २. | तेश्रो वार्षिक सभामा बाल आश्रमलाई भवन निर्माणको लागि उठेको | - रु. | २३२०/- |
| ३. | स्व. दिलमाया शाक्यको पुण्य स्मृतिमा धर्मचन्द्र शाक्य बनेपाको तर्फबाट | - रु. | १,०००/- |



Downloaded from http://www.dhamma.digital

# सिद्धार्थ गौतमको समयमा आचार संहिता

*आयोजक–* खै ! आज त सहभागीहरूको संख्या थोरै मात्र देखियो नि । थोरै मात्र भएपनि कार्यक्रम ठीक समयमा नै शुरु गर्नुपर्ने नियम रहेकोले यहाँ उपस्थित रहनु भएका तपाईहरूकै माझबाट प्रश्न राखी कार्यक्रम शुरु गरौं न हुन्न ?

*सहभागी–* हुन्छ नि कार्यक्रम शुरू गर्दा गर्दै आइपुग्नु हुन्छ कि साथीहरू । मत यहाँ नयाँ सहभागी परें । धर्मकीर्ति पत्रिका त मैले पढ्ने गर्छु हरेक महिनामा । त्यसमा छापिने गरेको छलफल कार्यक्रम पढ्दा रमाइलो लाग्छ मलाई । तर त्यसमा उल्लेख गरिएका केही प्रश्नको उत्तर भने मैले स्पष्ट रूपले बुझ्न सकिरहेको छैन । हामी जस्तो नयाँ सहभागीहरूका लागि त अलि सरल र स्पष्ट रूपमा व्याख्या गरिदिनु भए राम्रो हुन्थ्यो ।

*आयोजक–* त्यस्तो के पऱ्यो यहाँलाई ? कुन कुरा बुझ्नु भएनछ यहाँले सुनौं न ।

*सहभागी–* गौतम बुद्धले भिक्षु संघ गठन गरेर २० वर्ष सम्म त कुनै पनि नियमहरू बनाउन परेन रे । २० वर्ष सम्म त कुनै पनि नियमको जरुरत नै परेन रे भनेको सुन्दा अचम्म लाग्यो मलाई । नियम नै नचाहिने कस्तो भिक्षु जीवन हो त्यो ?

*आयोजक–* राम्रो जिज्ञासा रहेछ यहाँको त । ल सुन्नुहोस् । सारनाथमा पञ्चभद्र वर्गियहरूलाई बुद्धले सर्वप्रथम धर्मचक्र प्रवर्तन गर्नुभई उपदेश दिनु भएपछि ती पाँचजना व्यक्तित्वहरूले नै भिक्षुत्व ग्रहण गर्नको लागि प्रार्थना गरे । त्यस बखत गौतम बुद्धले- "एहि भिक्खु ! स्वाक्खातो धम्मो । चरथ ब्रह्मचरियं सम्मा दुक्खस्स अन्तकिरियाय" अर्थात् भिक्षुहरू ! यहाँ आऊ राम्ररी धर्म देशना भएको छ, राम्ररी दु:खको अन्त्य गर्नको लागि ब्रह्मचर्य पालन गर । (शुद्ध आचरण गर)" भनी ती भिक्षुहरूलाई भिक्षु बनाउनु भयो । भिक्षु संघ पनि गठन गर्नुभयो । भिक्षु जीवनको नियमको शुभारम्भ नै यहि हो ।

यसलाई अर्को भाषामा भन्ने हो भने–

**"सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा
सचित्त परियोदपनं एतं बुद्धान सासनं"**

*अर्थात्–* सबै प्रकारका पाप कर्म नगर्नु । कुशल (राम्रो) काम गर्दै जाने र चित्त शुद्ध गर्ने । बुद्धको अनुशासन (शुरु शुरुको नियम) यही थियो ।

शुद्ध मन र श्रद्धाले भिक्षु बन्न आएको हुँदा शुरुमा भिक्षुहरूमा नराम्रो काम गर्न लाज लाग्ने र भय हुने गर्थ्यो । उनीहरू राम्ररी अनुशासन पालन भएका र संयमित जीवन बिताउने गरेका थिए । त्यसकारण त्यस्तो अवस्थामा नियमहरूको आवश्यकता नै थिएन । कर्त्तव्यपरायण व्यक्तिहरूलाई नियम सिकाइरहन नै पर्दैन । उनीहरू त्यसै पनि नियमको परिधि भित्र रही काम गर्न सिपालु हुन्छन् ।

*अर्को एक सहभागी–* भिक्षुहरूले फूलको बिरुवा रोप्नु हुन्न, रुखका हाँगा काट्न हुन्न भनिन्छ नि किन होला ?

*आयोजक–* शुरु शुरुमा भिक्षु जीवन त्यागी जीवन भएकोले उनीहरूले गृहस्थीहरूले गर्ने काम गर्नु हुन्न भन्ने धारणा थियो धेरै जसो मानिसहरूमा । आज भोली पनि यस्ता धारणा रहेका व्यक्तिहरू छन् ।

यी नियमहरू अपवादबाट बच्नको लागि बुद्धले बनाइदिएका हुन् ।

*सहभागी–* यो त अव्यवहारिक भएन र ? फूलको बोट रोप्ने कार्य त राम्रै कार्य हो नि होइन र ?

*आयोजक–* हुन त हो नि । तैपनि मानिसहरूमा सही ज्ञान छैन । राम्रो समझदारी पनि छैन । त्यसैले उनीहरूको विचारमा भिक्षुहरू ढुंगाको मूर्ति जस्तो रहनु पर्छ । भिक्षुहरू पनि उनीहरूको जस्तै हाड र मासुले बनेको शरीर धारण गरेका व्यक्तिहरू त हुन् नि । तर के गर्नु त्यागी जीवन गृहस्थी जीवन भन्दा फरक हुनै पऱ्यो नि ।

*सहभागी–* मैले थुप्रै भिक्षुहरूलाई निमन्त्रणा गरी भोजन दान दिएको थिएँ । ती भिक्षुहरू मध्ये एक दुई जना

भिक्षुले पिण्डपात्रमा भोजन गरेको देखें । पात्रमा नै भोजन, तरकारी र दाल राखी खानु भयो। अरु भिक्षुहरूले जस्तै खाना थप्नु पनि भएन । यसको अर्थ भने बुझिन मैले । त्यसैले मैले त्यहिं उपस्थित अरु भिक्षुहरू समक्ष यस विषयमा सोधेको पनि थिएँ । धुतंग नियम पालन गरिरहेको भिक्षु हुनुहुन्छ उहाँ भनेर भन्नु भयो । तर यतिले मलाई कुरा स्पष्ट भएन। त्यसैले मैले यहाँ आएर यस जिज्ञासा पोख्न आएँ । यस विषयमा चित्त बुझ्ने गरी जवाफ पाउने आशा लिएर आएको छु । सन्तोषजनक उत्तर पाउन सकिन्छ कि ?

*आयोजक–* नौलो प्रश्न सोध्नु भएछ यहाँले त । राम्रो छ । पाली साहित्यमा धुतंग नियमहरू १३ वटा छन् । धुतंग नियम भनेको तपस्वी व्रत नियम हो । शरीरलाई कष्ट दिएर कठोर नियम पालन गरेर क्लेश हरण हुन्छ भन्ने विश्वास लिने व्यक्तिहरूले उक्त धुतंग नियम पालन गर्ने गर्छन् ।

अब ती १३ वटा धुतंग नियमहरू के के रहेछन् भन्ने विषयमा जानकारी लिनु राम्रो होला । ती यसरी छन् –

(१) **पांसुकूलिक अंग** = मृत व्यक्तिहरूको नाममा तीन दोबाटो, चौबाटोहरूमा फालिएका कपडा ल्याएर ती कपडाको मात्र चीवर बनाई लगाउनु पर्ने नियम ।

(२) **तेचीवरिक अंग** = तीनवटा चीवर मात्र धारण गर्ने

(३) **पिण्डपातिक अंग** = पिण्ड पात्र लिई भिक्षाटन गरेर मात्र खाने ।

(४) **सपदाननिक अंग** = एउटा घर पनि नछुटाई भिक्षा मागेर खाने ।

(५) **एकासनिक अंग** = एउटै आसनमा मात्र बसेर खाने ।

(६) **पत्त पिण्डिक अंग** = पात्रमा मात्र खाने ।

(७) **खलुपच्छाभत्तिक अंग** = एकपटक भोजन खाइसकेपछि केही पनि नखाने ।

(८) **अरञ्जिक अंग** = जंगलमा मात्र बसोबास गर्ने ।

(९) **रुक्खमूलिक अंग** = रुखमुनि मात्र बस्ने ।

(१०) **अब्भोकासिकि अंग** = खुल्ला आकाश मैदानमा मात्र बस्ने ।

(११) **सुसानिक अंग** = मसानमा मात्र बस्ने ।

(१२) **यथासन्थरिक अंग** = जहाँ बस्न परेपनि सन्तुष्ट रहने ।

(१३) **नेसज्जिक अंग** = शरीर र खुट्टा पूरा फैलाउँदै नसुत्ने अर्थात् बसेर मात्र सुत्ने ।

बुद्धको मध्यम प्रतिपदा (मार्ग) को ठीक विपरित नियम जस्तो लाग्छ यो त । किन भने धर्मचक्र सूत्र अनुसार सुविधामूखीबाट र कष्टमय जीवनबाट टाढा रहनु पर्ने बुद्ध शिक्षा हो । सिद्धार्थ कुमारले तपस्या (कष्टमय जीवन) त्यागी मात्र बोधिज्ञान प्राप्त गर्न सक्नु भएको कुरा सबैले बुझेकै कुरा हो ।

कल्याण मित्र सत्यनारायण गोयन्का को विचार अनुसार (धुतंग पालन) सही मार्ग होइन । एकपटक विपश्यना शिविरमा भाग लिइरहकै क्रममा एक्जना भिक्षुले पिण्डपात्रमा भोजन गरिरहनु भएको दृश्य ध्यान गुरु गोयन्काले देख्नु भएछ । यो दृश्य देखी उहाँले भन्नु भएछ– "यो त ढोंगी मार्ग हो। चित्त शुद्ध गर्ने मार्ग होइन। मध्यम मार्ग पनि होइन। *(यो नियम जैन धर्मबाट प्रादुर्भाव भएको नियम हो। सं.)* त्यसैले आलोचक अथवा अन्वेषकहरू भन्ने गर्छन्–

बुद्धले देखाउनु भएको मार्गमा पछि हुँदा हुँदै विकृती आउने गरेको देखियो ।

*सहभागी–* मलाई पनि कता कता अप्ठ्यारो लाग्ने गर्छ। थुप्रै भिक्षुहरू बिच एक दुइ जना भिक्षुले मात्र पिण्ड पात्रमा खाना खाइरहेको देख्दा । फेरि एकपटक खाना लिइसकेपछि आफूलाई खाना थप्न मन लागेपनि फेरि खाना थप्न नहुने रहेछ। अचम्मको नियम रहेछ ।

(सहभागीको कुरा सुनी सबै जना गलल्ल हाँसे ।)

*सहभागी–* लौत आज नौलो विषयमा छलफल गरियो। राम्रो लाग्यो। आजलाई बिदा माग्न पर्ला। अरु पछि ।




Downloaded from http://www.dhamma.digital

सप्तरत्न धन - ६

# त्याग-६

प्रकाश वज्राचार्य

आजभोलि विहारमा कथा सुन्न आउनेहरूलाई बस्ने ठाउँ नै छैन । यस्तो अपार भीडलाई भिक्षु धम्मालोकले भन्नुभयो– "उपासक, उपासिकाहरू, सत्पुरूषहरूलाई चाहिने पाँचौं धन हो- श्रुत धन । श्रुत भनेको सुनेर बुझेर जानि राखेको ज्ञान हो । जाने बुझेर विद्वान हुनु नै श्रुत धनले सम्पन्न हुनु हो ।

"...ज्ञानीहरूको काम शिक्षा दिनु हो । अनि बुद्धिमानहरूको काम त्यो शिक्षा सुनेर ज्ञान बनाउने हो । किनभने ज्ञान नै सबभन्दा असल, अज्ञानता नै सबभन्दा खराब हो । सबैले थाहा भएकै हो विना ज्ञान हामीलाई बाँच्न गाह्रो हुन्छ । मानव समाज, देश, ज्ञानको आधारमै रहेको (अडेको) छ ।

जुन व्यक्तिसंग धेरै ज्ञान हुन्छ, त्यो व्यक्तिलाई सबैले मन पराउँछ । जो अज्ञानी हो त्यो लङ्गडो घोडा जस्तै काम लाग्दैन । ज्ञान मात्रै धेरै छ तर त्यसलाई व्यवहारमा प्रयोग गर्न जानेन भने सुगाले बोल्न सकेको जस्तो मात्र हुन्छ ।

"...दुःख उत्पन्न भइराखेको मुख्य कारण नै अज्ञानता हो । अज्ञानताले कहिले पनि केही समस्या सुल्झाउँदैन । कुनै पनि कुरा जानी बुझी गरेको खण्डमा हामीले धोका नै खाँदैन । पीर दुःख र चिन्ता त्यसवेला हुन्छ, जब हामीले अज्ञानी भई काम गर्दछौं । धोखा त्यसबेला खान्छौं जुनबेला काम गर्ने ज्ञान हुँदैन । जसलाई ज्ञानले बाटो देखाइन्छ, उसले काँडाबाट पनि मह निकाल्न सक्दछ । त्यसैले अज्ञानता तारा पनि नभएका चन्द्रमा पनि नभएको रात समान हो । अज्ञानी हुनुभन्दा मर्नु बेश, किनभने अज्ञानता नै दुर्भाग्यको मूल कारण हो । फेरि एकचोटी भन्दछु अज्ञानताले नै दुःख उत्पन्न हुन्छ ।"

"...संसारको सबै दुःखबाट मुक्त हुन चाहिने सबभन्दा ठुलो ज्ञान चतुआर्य सत्यको ज्ञान हो । सबै वस्तु अनित्य, क्षणिक र दुःखदायी भन्ने ज्ञान नभएर नै यी वस्तुमा भुलि हामीले दुःख पाइराखेको हो । अर्को ठूलो ज्ञान हो, आफूलाई चिन्नु । जसले अरूलाई चिन्दछ त्यो शिक्षित मात्र हो । जसले आफूलाई चिन्दछ उनै साँचै श्रुत सम्पन्न व्यक्ति हो । सारांशमा विना श्रुत धनले वा ज्ञानले हामी केही पनि काम गर्न सफल हुँदैनौं । त्यसैले बुद्धले भन्नु भएको छ– "सयौं वर्षसम्म शील रहित भएर बाँच्नुभन्दा एकदिन शीलवान भएर ज्ञानपूर्वक बाँच्नु राम्रो... ।"

यसरी भन्दै जानुभयो । बीच बीचमा कथा पनि भन्दै जानुभयो । पछि कथा सकियो । सबै विहारबाट निस्के । यो विहारबाट आइराखेको हुलमा बजारबाट फर्किराखेका लाखे साहु पनि पर्‍यो । उसको पछि पछि आइराख्ने एकजनाले भन्यो– "भाई, साँचै ज्ञान भनेको नभई हुँदैन हगि !

अब मेरै कुरा लिउन मेरो छोरालाई दिशा लाग्दा पानी खान दिनु हुँदैन भनेर पानी छुनै दिइन । पछि डेहाइड्रेसन भन्ने रोग भएर दुई महिनापछि बच्चा मर्‍यो । दिशा लाग्दा पानी पिलाउनु पर्दछ भन्ने ज्ञान नभएर छोरा नै मर्‍यो ।"

अर्कोले जवाफ दियो– "अनि के त ? आफूलाई के भएर रोग लाग्यो, के गर्नु पर्दछ भन्ने ज्ञान नभएर अष्टमानले विभिन्न धामी, झाक्री देखाउन थाल्यो, अब उसको खुट्टा चर्को भएर काट्नु पर्‍यो । साँचै अन्ध विश्वास भनेको पनि अज्ञानताले नै गर्दा हुने रहेछ ।"

अलि जान्ने बुझ्ने पाराले दिलरत्नले भन्यो– "त्यति मात्र हो र ? भूत प्रेतदेखि डराउने पनि ज्ञान नभएर मात्र आउने त हो नि ।"

अर्को एकजना बूढाले पनि भन्यो-"नातिबाजेको नै कुरा लिउँ । जान्ने भएर नजानी नजानी घर बनाएर पछि फेरि सबै भत्काउन पर्‍यो । ज्ञान नभएर हजारौं रूपियाँ नष्ट गर्नु पर्‍यो ।"

लाखे साहुले अलि पाइला बढाए । उसको नजिकको एउटी केटीको आवाज सुनियो– "हाम्रो ससुराको आफू कराउनु पर्ने याद छैन । अरूलाई मात्र खराब भनेर दोष लगाइ हिंड्छ । आफ्नो बानी आफ्नो अधीनमा लिन नसकेर काम बिगारी राख्दछ । साँचै पहिला आफूलाई नै चिन्ने ज्ञान चाहिन्छ । बुद्धले भन्नु भएको छ– "लडाईंको बेलामा सहस्रलाई जित्नुभन्दा आफूलाई जित्न सक्ने नै श्रेष्ठ हो । भन्ने मात्र सम्झिन्छु ।"

त्यसको जवाफमा आनन्दको स्वास्नीले बोल्दछ, "अज्ज हाम्रो जहानले के भन्दछ थाहा छ ?" म भन्ने नै छैन, सबै अनित्य, सबै क्षणिक हो रे । त्यसैले म भनेर झगडा गरी राख्ने राम्रो हुँदैन । केही पनि कुरा क्षणिक सम्झेर लोभ र तृष्णा छोडेकोले नै दुःखबाट मुक्त

हुन्छ। ज्ञान भएर नै होला अस्ति घरमा भगडा शुरू हुँदा पनि धैर्य राखेर भगडा मेटेर पठाएको।

यसरी चारैतिर श्रुत धनको कुरा सुन्दै सुन्दै आर्य राखेको लाखे साहुको पनि विचार आउँछ– "साँचै आनन्दले धेरै ज्ञान गुणको कुरा थाहा पाएकाले उसलाई सबैले मन पराएको, उसलाई हराउन, बेइज्जत गर्न नसकेको हुनु पर्दछ। नचाहिंदो कुरा नै मनमा राखी पाप कर्म गर्नु पुगेछु।" भन्ने उसलाई पश्चाताप आयो।

उसको दशा देखेर आनन्दरत्नले भन्यो– "लाखे साहु ! तिमीले ज्ञान नभइकन नै पैसाको सहारा लियौ, त्यसैले यो दुर्दशा भयो। सम्भिराख ज्ञानले दुःख हटाउँछ, ज्ञानले नै सम्पत्ति बढाउँछ, ज्ञानले गर्दा नै सबै मनाउन पाइन्छ।"

आनन्दको कुरा सुनेर लाखे साहुले आफू अज्ञानी हो भनेर सबभन्दा पहिले थाहा पाए। तर उ अज्ञानी होइन। किनभने आफू अज्ञानी भनेर थाहा पाउने नै ज्ञानको पहिलो खुड्किलो हो।

## त्याग

आफ्नो पाँच वर्षको छोरालाई बैल जोताउन नपठाएका भए आज सानुमानको कपाल दुख्ने थिएन। तर भइसकेको घटना भई नै सक्यो, कपाल दुखाएर के गर्ने ? कुरा पुरानो होइन हिजो मात्रको हो। सानुमान कामले फुर्सद नभएर आफ्नो छोरालाई बैल जोताउन पठाएको थियो। केही थाहा नभएको बच्चाले साँढे जोताउन गएको त्यो पनि गोरे साहुको खेत नजिकै साँढे जोताउन गएका बच्चा एकछिन निदाएछन्, उठ्दा त साँढेले गोरे साहुको खेतमा रोपिराखेको बालि खाइराखेको देखे। बच्चाले छिटो छिटो साँढेलाई धपाई घरतिर ल्याए। सबै कुरा बाबु चाहिनेलाई बताए।

गोरे साहु ! टोलभरिकाले मन नपराएका !! अर्काको शोषण मात्र गरी भुँडी ठूलो पारिराखेका !!! मौका पाए भने गोरे साहुका मान्छेहरूले अर्काको गाई, साँढे साहुका खेततिर धपाई दिन्छ। अनि साँढेहरूलाई बालि खुवाउन दिन्छ। पछि साँढेको मालिककहाँ गएर त्यसको तेब्बर चौबरभन्दा बढी पैसा तिराउन जान्थ्यो। गोरे साहुले यसरी धेरैलाई ठगिसक्यो। यही सबै कुरा सम्भि सानुमान डरायो। गोरे साहुले आफूलाई पनि पैसा तिराउन आउने उसले चाल पायो। कसरी तिर्ने... यही सम्भि उसको पसिना आयो कसलाई भन्न जाने, गरीबको आवाज कसले सुन्थ्यो।

भन्नै नपर्ने गरी गोरे साहु तुप्पलुक्क दुई तीनजना पहलवान जस्ता मान्छे पछि लगाई आइपुग्यो। आउना साथ उसले सोभै भने– "ल सानुमान ! तिम्रो साँढेले मेरो बालि खाइदियो। त्यसको भर्ना ल्याऊ, त्यो पनि आजै चाहिन्छ। बालि आज तिमीले तिर्न सक्दैनौ, त्यसैले २०० रूपियाँ देउ।"

"दुई शय रूपियाँ !" मायालाग्दो अनुहार पारी सानुमानले भन्यो– "तपाईंलाई थाहै छ, मलाई हात मुख जोर्न नै गाह्रो पर्छ। तपाईंलाई त्यतिका पैसा दिन म कहाँबाट निकालौं ?"

ठूल ठूलो आँखा पारी साहुले ठूलो स्वरमा कराए "बढ्ता कराई नराख। तिर्न परे चोरेर भए पनि मागेर भए पनि तिर्नु पर्दछ। दिने भए खुरुक्क देउ नत्र भने तिम्रो बैल नै लैजान लागें। पछि तिमी जहाँ उजुर गर्नु पर्दछ उजुर गर्नु।"

सानुमान रोई रोई बिन्ती गऱ्यो। खुट्टा नै ढोग्न पुगे। तर केही शीप लागेन, बगरेको अगाडि राँगो रुने जस्तै। रुँदा रुँदै नै सानुमानले भन्यो– "त्यसो नगर्नु होस् ! बैल भएन भने हामी के खाने ? बरू मैले जहाँबाट जसरी भए पनि भोली पैसा तिर्न आउँछु, साँढे न लैजाउनु होस्।"

साहुले सुनायो– "साँढे त लगिहाल्छु। भोली पैसा तिर्न आऊ नत्र भने साँढे फिर्ता आउँदैन र आफ्नो मान्छेलाई ल बैल फुकाऊ।"

साहुका मान्छेहरूले बैल फुकायो। सानुमानको अनुहार नै अँध्यारो थियो। उसलाई थाहा थियो उजुर गर्न जाँदै मात्र केही हुँदैन भनेर- अड्डा त पैसावालाहरूको लागि मात्र हो। उसको पाँच वर्ष छोरा दौडेर गएर साँढे नदिन साँढेको जीउमा अँगालो मार्न गयो। तर साहुको मान्छेले उसलाई जबर्जस्ति रूवाई रूवाई छुटायो। बाहिर कराएको आवाज सुनेर उसको स्वास्नी पनि बाहिर निस्किसकेकी छे। उसको पनि गहभरि आँसु भयो। दुई वर्ष नाबालिका छोरी भने भोक लाग्यो भनेर आमासंग पिरोल्दैछिन्।

भोलिपल्ट सबेरै सानुमान मलिन अनुहार लिई बजार गइराखेको बेला उसको साथी तीर्थ ध्याक्क भेट्यो। तीर्थले देख्नासाथ भन्यो– "ओ हो ! कता ? मलाई बिर्स्यौ कि क्याहो ? ल हिंड घर जाउँ। आज त म छोड्दै छोड्दैन।" सानुमानले सकि नसकि अनुहार उज्यालो पारि भने– "आज नाहिं, हतार छ।" तर तीर्थ मानेन। कर गरि गरि घर लगे। तीर्थ ठट्यौला किसिमको सबैलाई मद्दत गर्ने भएकाले सबैले मन पराउँथ्यो।

घरमा पुग्नासाथ स्वास्नी चाहिंलाई डाक्यो,



Downloaded from http://www.dhamma.digital

"पद्माकी आमा ! देख्यौ मसंगको आएको छ । ल चिया एकचोटी लिएर आऊ । दुवैजना ओछ्यानमा बसे । तीर्थले हाँस्तै हाँस्तै भन्यो– "आज पद्माकी आमाले छिटै चियासिया ल्याउँछ । हतार मान्नु पर्दैन । आज मैले उसलाई मनपर्ने सारी किनिदिन्छु भनेको छु । त्यसैले मैले भनेको कुरा तुरुन्तै गर्दछ । शायद तिमीले सारी किन्न पैसा कहाँबाट आयो भन्ठानेको छौ होला । त्यो खोलाको किनारमा रहेको हाम्रो सानो खेत छनि हो, त्यही २५० रुपियाँमा बेचिदिएँ । जे भए पनि घरको कामसाम गरेर बस्ने स्वास्नीको एक दुईवटा इच्छा त पुऱ्याउनै पऱ्यो होइन । त्यसै खेर गइराखेको खेत बेचेर के हुन्छ ? त्यसैले आज खुशी लागिराखेको हो ।"

तर सानुमानको अनुहार मलिन नै देखेर तीर्थले पनि अलि गम्भीर भएर सोधे– "किन, तिम्रो अनुहार अँध्यारो छ नि ? मदेखि रिसाएका छौ कि कसो ? पहिला त सानुमान चुप लागेर बस्यो । तर तीर्थले झन झन जिद्दी गऱ्यो । अनि आँखा (गह) भरि आँसु राखि हिजो साहुले साँढे (बैल) लगेको वृत्तान्त कुरा बताए । साँढे भएन भने के खाने कसरी बाँच्ने भनेर रुनथाल्यो । साथीको दुर्दशा देखेर तीर्थको मन रोयो । तर उसले खुल्ला हृदयबाट भन्यो–"त्यति कुरामा पनि दुःख मान्नु पर्दछ, मसंग २५० रूपियाँ छँदैछ नि । २०० रूपिया तिमीले बैल फिर्ता गर्न लैजाउ ।" अचम्म मानेर सानुमानले सोधे– "तिमीले के भनेको ? तिमीसंग पैसा लिन म यहाँ आएको होइन । भाउजुको पोहरदेखि सारी किन्ने भनेर आशा गरिराखेको म कसरी त्यो पैसा लिउँ ? फेरि तिमीलाई थाहा नै छ म अहिले नै पैसा फिर्ता दिन सक्दिन ।

तीर्थले हाँस्तै हाँस्तै भन्यो– "के भन्छौ तिमी ? सारी भनेको पनि किनुँला । साथीको दुर्दशामा नै काम लिन सकेन भने यो पैसा के गर्नको लागि । लाऊ लैजाउ अज्ज तिमीलाई पैसा फिर्ता ल्याउ भनेर कसले भन्यो ? म तिम्रो साथी हो, सापट दिने साहु होइन ।"

चिया राख्न ल्याएकी स्वास्नीले पनि भनिन्– "हो, हो, लिनुहोस् । दुःख पर्दा पनि काम आउँदैन भने साथीभाई किन चाहियो ? मलाई पनि सारी चाहिँदैन । एउटा परिवारलाई अनिकालबाट बचाउन सक्ने पैसाले सारी लगाउँदैमा महारानी हुने होइन ।"

दुवै जोइ-पोइले कर गरेर सानुमानको हातमा रूपियाँ दिए । सानुमानलाई एउटा मात्र विचार आइराख्यो, "यस्तो नै त्याग चित्त भएका परिवार सबैको होउन् ।"

भोलिपल्ट बिहान, सानुमानको् मन आनन्द छ । त्यसैले उ विहारमा गयो । हिजो अस्तिको घटना सम्झिराखेका सानुमान झसंग गयो, भिक्षुले कथा भन्न शुरु गरिसकेका थिए ।

भिक्षुले भन्नुभयो– "सबै दुःख, शोक, चिन्ता र पीर के कारणले भइराखेको ? यसको कारण हो, हामीसंग लोभ, तृष्णा, अनुराग भएको हुनाले । यदि लोभ, तृष्णा र अनुराग हटाउन सके भने दुःखबाट मुक्त हुन्छ । लोभ, तृष्णा र अनुरागबाट मुक्त हुन नभई नहुने बाटो हो त्याग । त्यसैले सत्पुरुषहरूसंग हुनु पर्ने छैठौं धन हो– त्याग धन ।

"...लोभ त्यो आगो हो जसले हाम्रो मनको शान्तिलाई जलाउँछ, पीर र चिन्ता बढाउँछ । अनि त्याग त्यो औषधि हो, जसले लोभलाई निर्मूल गर्दछ । संसार अनित्य हो, सबै वस्तु नाशवान हो । कुनै पनि वस्तु नष्ट हुँदा, बिग्रंदा, हराउँदा त्यागीहरू शोक, पीर र दुःख हुन्छ । हाम्रो चारैतिर अनित्यता मात्र भइराखेकोले व्यवहारमा हामीले लोभी होइन त्यागी भई जीवन बिताउनु पर्दछ । त्यसैले धनले आफूलाई लोभी गराउनु अगाडि नै त्यागी हुन सिक ।"

"...आफूले केही नदिइकन अरूबाट मात्र लिने कामबाट संसारमा बाँच्न सकिंदैन । सम्झिराख कुनै चीज प्राप्त गर्न कुनै चीज त्याग पनि गर्न सिकीराख । जुन चीज हामीले जम्मा गरी राख्दछौं, त्यो हराएको समान हो । कुन कुन चीज हामीले चलन चल्ती गर्दछौं । त्यो पहिलादेखि नै आफूसंग भएको हो । जुन चीज हामीले त्याग गरी अरूलाई दिन्छौ, त्यो नै हाम्रो साँचैको सम्पत्ति हो ।

"...कसैलाई असल होस् भन्ने मनमा राखी केही दान दिनुलाई नै त्याग वा दान भन्दछ । दानसंग असंख्य पापहरू मेट्ने शक्ति छ । आफ्ना यश कीर्तिको लागि मात्र त्याग गऱ्यो भने त्यो साँचैको त्याग होइन, त्यो ब्यापार मात्र हो । दान त्यो हतियार हो जसबाट लोभ, रिस र अविद्यालाई हटाई दिन्छ । विना त्याग चित्त दुःखबाट मुक्त हुन सक्दैन । त्यसैले दश पारमितामा पहिलो पारमिता दान पारमिता हो । त्याग त्यस्तो विश्वासपूर्ण साथी हो, जसले हामीलाई कहिले पनि धोखा दिँदैन...।"

उपासक उपासिकाहरू सबै ध्यान दिएर कथा सुनिराखेका छन् । सानुमान भने गोरे साहुको लोभी मन र तीर्थको त्याग चित्त सम्झि उनीहरू दुईजनाको गुण तुलना गरिराखेका थिए । *क्रमशः*

# बौद्ध विहारया संरक्षणय् भिक्षुपिनि देन

✎ मुनीन्द्ररत्न बज्राचार्य

नेपाःदे बौद्ध भूमि खः उकें थन बौद्ध संस्कृति जाज्वल्यमान जुया च्वंगु दु । प्राचीनकाल निसें प्रशस्त बौद्ध विहार स्थापना जुया च्वन । आपालं बुद्धपिं नेपाले विज्यागुलिं थनया गुँ पर्वत वसपोलपिं विराजमान जुया विज्यात उगु थाय् हे विहार जू वन । अजागु विहार गुलिं विहार भग्नावशेष जुयाः नां जक ल्यना च्वंसा गुलिं आतक नं ल्यना च्वंगु दनि । नेपाःया पुलांगु विहार सक्व गुँ विहार, स्वयम्भूया धर्मचक्र विहार, श्री सार्म्हेगु विहार, मान विहार आदि खः । नेपालय् असंख्य विहार बही खनेदु । किरात, लिच्छवि व मल्ल काल निसें आपालं विहार स्थापना जू वन । उगु विहारे थनया मनूतय्गु जनजीवने ब्वातुक सम्वन्ध लाः वन । विहार बहीया संरक्षणे वज्राचार्य जातियात मालाय् च्यू वन । थन नेपालया थी थी बाहाः, चीबाहाः, देगः सतः छेँ थुपिं फुक्कया नी स्वंनेगु, प्रतिष्ठा याय्गु, शान्ति स्वस्ति कर्मकाण्डया, ज्या यायेगु वज्राचार्य जाति पाखें जू वन । सलंसः दँ निसें बुद्ध धर्मया सम्वर्धन व विहार बहीया संरक्षण, वज्रयानी वज्राचार्य जाति पाखें जू वना च्वन । वज्राचार्य जातिया बहाया सम्वन्ध गुँ विहार बही देगः चैत्यनाप पूर्खानिर्सें सम्वन्ध जूसा नं थुथाय् विहार बहीया संरक्षण याय् मफुत । खय्तला नेपाःले थी थी इलं निसें महिलातसें बौद्ध धर्म प्रचार याय्त आपालं प्रयास जुया वोगु दु । गुलिखे विहारत प्राकृतिक प्रकोपं क्षति जू वनसा गुलिं धार्मिक सम्प्रदायया कारण नं विहार बहीत नष्ट याना थकल । वि.सं. ८२० साल पाखे भारतं वम्ह शंकराचार्य बौद्ध विहार व सलसं चैत्य स्यंका वन । अथे हे ने.सं. ३३३ स बंगालया सुल्तान हामसुद्दीनं नं आपालं विहार चैत्य ग्रन्थत विध्वंश याना थकल । राणा प्रधानमंत्री जंगबहादुर नं बौद्ध धर्मया आपालं ग्रन्थयात नष्ट याय्गु स्वत । विहार बहीया जीर्णोद्धार यायगुलि ध्यान मतल । थुकथं विहार बही भं भं म्हासे जुजुं वना च्वन ।

विहार बही धयागु आचार्यपिं भिक्षुपिं आराम काय्गु, ज्ञान काय्गु थाय् खः । विहार शब्द हे 'विहरति' शब्दं विकास जूगु खः । तर थौंकन्हे विहारया महिमा मथुया वल । विहार बहीया जीर्णोद्धार याय मफया वन । अय्सां गुलिखें विहार बहीया संरक्षण यायगु प्रयास जुया च्वंगु नं दु । न्हापान्हापाया आजुपिसं विहार बहीया संरक्षणया लागि आपालं गुठि, जग्गा जमीन नी स्वना थकल । तर थौंकन्हे व गुठी गण चले याय मफया वन । गुलिखे आयास्ता वइगु जग्गा थपिनिगु नामे, भोग चलन यातसा गुलिखे आवश्यक कागजात मदया सुयागुं नामे लाः वन । गुलिखे विहार वायत्यो फ्वायत्यो जूवन । थजागु बेवारिस जुया वना च्वंगु विहारयात धर्म भिरू भिक्षुपिसं विहारया संरक्षणया लागि न्ह्यचिलेगु याना वल । थथे लोप जुइत्यंगु विहारयात जीर्णोद्धार याय्गु ज्वलय् संघनायक स्व. भिक्षु प्रज्ञानन्द महास्थविरं पाखे पुलांगु किण्डोल विहारयात हानं लुमंके कथं अन च्वना विज्याना विहारयात संरक्षण याना विज्यात । लिच्छविकालय् रतिशर्मा ब्राह्मणं स्थापना याना थकुगु थुगु किण्डोल विहारयात हानं छक्व पूर्णजीवन बिया बिज्यात । तर राणा तय्गु पाले धर्म प्रचार यातधका भिक्षुपिन्त देशं पितनेगु ज्या यात । लिपाः राणा प्रधानमंत्री पद्म शमशेरं हानं भिक्षुपिं नेपाले दुहाँ वय् जिल । भिक्षु धर्मालोक व भिक्षु अमृतानन्दया प्रयासं आनन्दकुटी विहारया निर्माण जुल । थुकथं आपालं भिक्षुपिं बौद्ध विहारया निर्माणया ज्याय् न्ह्यचिला बिज्यात । गुलिं गुलिं जीर्णसीर्ण अवस्थाय लाना च्वंगु पुलां पुलांगु विहार बहीया पुर्ननिर्माणया ज्याय् अग्रसर जुया बिज्यात । गथे यलया वडा नं. ६ लुंखुसिस सुमंगल विहारयात बौद्ध भिक्षुपिसं हे चलेयात । थिमि या यंङ्गाल विहार पाटी विहार नं जीर्णसीर्ण अवस्थाय् लाना च्वंगुयात वि.सं. २०३३ साल पाखे ख्वपय् हे प्रव्रजित जुया बिज्याःम्ह श्रद्धेय मुनिज्योति भन्ते थन हे च्वना विहारयात जीर्णोद्धार याना थुगु पाटी विहारयात न्हू ख्वापालं पुइका विज्यात । अथेहे ख्वपया कुथुवहीया पुलांगु विहारे भिक्षु, विवेकानन्द महास्थविरयात च्वनेत अनया समस्त बौद्ध भक्तजनपिसं अनुरोध यासेंलि अन हे



Downloaded from http://www.dhamma.digital

च्वना बिज्याना उगु विहार बहीया संरक्षण यायत् आपालं तिबः जू वन । हालसालय् हे कोटेश्वर महादेव स्थानेया लिकसं च्वंगु ऐतिहासिक कुटी विहारया भाग्य चम्के जूगु दु । लिच्छविकालनिसें जीर्णसीर्ण अवस्थाये लाना तनेत्यंगु उगु कुटी विहारयात वि.सं. २००२ सालय् अने हे स्थानिय वासिन्दा ज्ञानलालं महर्जन थनया विहारया चैत्य छगः स्थापना याना बिल । लिपा भाइलाल अवाले (थौंकन्हे प्रव्रजित जुया विज्याम्ह यश धम्म खः) वयकलं ०१५ सालय् भिखाछें छगू नं दयका बिल । थन भिक्षु प्रज्ञारश्मि, धर्मानन्द, सुमेध भन्तेपिं व मां.गुणवतीपिं च्वना बिज्यात । थौंकन्हे भिक्षु यस धम्मया उदारचित्तं ध्व कुटी विहारयात न्हू कथं हे भव्यरूपं विहार स्थापना याना बिज्यात ध्व ऐतिहासिक विहारया पुर्नजीवन जुया अस्तित्व बढे जू वन । गणमहाविर नं पाता जुया च्वंगु बहाले पुनर्जिवन जूगु खः । थुकथं आपालं भिक्षु गुरुमां पिसं विहार बहीया स्थापना याना बौद्ध विहारया संरक्षणय् आपालं ग्वाहालि जू वना च्वंगु दु । थजागु ज्या यात कदर हे यायमाः । गुलिखे भिक्षुपिसं विहार निर्माण यात जुइ ध्व लेखय् धयां मचाः ।

## नगरकोट यात्रा

किशोर धूसः, गाःशाहाः

उखुन्हुतिनि पुलावंगु २०५९ साल चैत्र १५ गते शनिवारया न्हिखुन्हु यलया मणि मण्डप विहार संरक्षण समितिया ग्वसाले न्हुपिं व पुलांपिं याना १३० म्ह या ल्याखय् उपासक उपासिकापिं मुना सुथसिया ८:४५ बजे नगरकोट थ्यंगु जुल । नगरकोट बजाः लिक्क लाःगु श्री वशन्त बहादुर शाक्यजुया होटलया चुकसं थः अबुया पुण्यस्मृति दयेका तःगु तगोगु तुयूचिभा न दुगु जुयाच्वन ।

उगु चिभाया क्वसं च्वना श्रद्धेय भिक्षु शीलभद्र, भिक्षु उदयभद्र, श्रामणेर पदम व श्रामणेर नायको भन्तेपिं नाप च्वना सकल उपासक उपासिकापिं समेत "इतिपि सो भगवा अरहं ... वाक्य द्वारा बुद्धपूजा जूगु जुल । श्रद्धेय भिक्षुगण समक्ष पञ्चशील प्रार्थना यानालि श्रद्धेय भिक्षु शीलभद्रद्वारा धर्मदेशना जुल । उगु धर्म देशनाय् थौं तक न्ह्यानावया च्वंगु बुद्ध अथवा घोया न्ह्योने जाकि ह्वला पतिं थिकः नका सिन्ह छ्वाकेगु स्वाँ नस्वा मदेक कुचा-कुचायाना ह्वलेगु पुलांगु रितियात हाकुतिना छ्वयेमाःगु वसपोल भन्तेनं कुला बिज्यात । गथे म्हुतुं नयेमाःम्ह मचायात मनकुसे खाद्य पदार्थ ख्वाले वा म्हय् ह्वलाब्युगु जुसा व मचाया प्वा जाय्गु सत्ता ख्वाले भोजनं पुकाच्वनेमालीगु मिखा पालुका च्वनेमालीगु अथवा ख्वा बिरुप ज्वीकाच्वने मालीगुलिं वथेस्तुं पूजा धैगु गलत मखु, यायेगु तरिका गलत जूगु खँयात वसपोल भन्तेनं कुला बिज्यागु खः । न्हापानिसें चले जुयावःगु धका मिखा तिसिना मयासे थःगु बिचा छ्यला सयेकासीका काय् वाक चित्तद्वारा यायेगु पूजां जक फलदायक ज्वीधका न्ह्यथना बिज्यात ।

न्ह्यवः बाँलानाच्वंगु स्वाँ लीपा सुखुचिना वनीथेस्तुं स्वाँयागु उपमा बिया मनूयागु जीवनया महत्व बारे छत्वाचा खँ न्ह्यथसें फाटफुट वावःगुलिं धर्मदेशना क्वचाय्का जल, फलमूलादि, धुप, दीप इत्यादी द्वारा चैत्यपूजा (विविध पूजा) धुंका पुण्यानुमोदन लीपा सकतां पूजा क्वचागु जुल ।

लुमंके बहजू- उगु होटल पाखें जिपिं सकल उपासक उपासिका पिन्त जलपान याका बिज्यागुलिं वसपोलया आयु-आरोग्यया निम्ति भिंतुसें साधुवाद बियाः लिपांगु आखः थनहे क्वचायेका च्वना । ■

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरु**

क्र.सं. ४१०

**रमेश महर्जन**
ठमेल २९ वडा काठमाडौं
रु. ११००/-


क्र.सं. ४११

**श्रीमती कल्पना तुलाधर**
गैरी धारा, काठमाडौं
रु. १००५/-

## अभिधम्म पाठ अक्षय कोषका लागि थप रकम प्रदान

भिक्षुणी धम्मवतीको तर्फबाट अभिधम्म पाठ अक्षय कोषका लागि थप एकलाख (रु. १,००,०००।-) दान गर्नु भएको कुरा बुझिन आएको छ। स्मरणिय छ यस कोषका संस्थापिका उहाँले पहिला दुईलाख रकम राख्नु भई उक्त कोष स्थापना गर्नुभएको थियो। हाल यस कोषको रकम तीन लाख (रु. ३,००,०००।-) रहेको छ।

## धर्मकीर्ति रनिङ्ग शील्ड हाजिरी जवाफ प्रतियोगिता (विस्तृत विवरण)



२०६० भाद्र १३ - २० सम्म।

स्थान- धर्मकीर्ति विहार, श्रीघ: न:घ:

२५९२ औं धर्मचक्र प्रवर्तन दिवस र गुरु पूर्णिमाको उपलक्ष्यमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा सम्पन्न धर्मकीर्ति रनिङ्ग शील्ड अन्तर निम्न माध्यमिक बिद्यालय हाजिरी जवाफ प्रतियोगिताको पहिलो राउण्डमा भाग लिने बिद्यालयहरूको नामावली र प्राप्ताङ्क यसरी रहेको थियो।

★ २०६० भाद्रा १३ गते, शनीवार

(१) श्री ५ रत्न राज्य लक्ष्मी देवी मा.वि., वानेश्वर। ४७
(२) शान्ति शिक्षा मन्दिर मा.वि., ठैंहिटी ४४
(३) श्री प्रभात मा.वि., श्रीघ: न:घल ३३
(४) न्यूटन चिल्ड्रेन्स् एकेडेमी, बालुवाटार १३

★ २०६० भाद्र १४ गते, आइतवार

(१) नेचर बोर्डिङ्ग हाईस्कुल, गोंग:बुँ ६१
(२) विश्व निकेतन उच्च मा.वि., त्रिपुरेश्वर ३५
(३) श्री भक्त विद्याश्रम मा.वि., रक्तकाली २३
(४) श्री बालसेवा मा.वि., झोर्छें १५
(५) श्री दरवार हाईस्कुल, रानी पोखरी ११

★ २०६० भाद्र १५ गते, सोमवार

(१) श्री गीतामाता उच्च मा.वि., विजेश्वरी २७
(२) परोपकार आदर्श उच्च मा.वि., भिमसेनस्थान २६
(३) आनन्दकुटी बिद्यापीठ आवासिय मा.वि., स्वयम्भू १९

★ २०६० भाद्र १६ गते, मंगलवार

(१) बुढानिलकण्ठ स्कुल, बुढानिलकण्ठ ३२
(२) गणेश आवासिय मा.वि., स्वयम्भु चक्रपथ ३०
(३) दीपज्योती आवासिय मा.वि., गोंग:बुँ ३०
(४) जुगल इङ्गलिस मिडियम स्कुल, भद्रवास १९

यसरी प्रतियोगिताको पहिलो राउण्डमा विजयी बनी फाइनल राउण्डमा प्रवेश गर्ने मौका पाएका बिद्यालयहरूको नाम र फाइनल राउण्डमा प्राप्ताङ्क यसरी रहेको थियो।

*प्रतियोगिताको फाइनल राउण्ड*

★ २०६० भाद्र २० गते, शनीवार

(१) बुढानिलकण्ठ स्कुल, बुढानिलकण्ठ ४२ प्रथम
(२) श्री ५ रत्न राज्य लक्ष्मी मा.वि. बानेश्वर ३३ दोश्रो
(३) नेचर बोर्डिङ्ग हाई स्कुल, गोंग:बुँ २७ तेश्रो
(४) श्री गीतामाता उच्च मा.वि., विजेश्वरी २० चतुर्थ



Downloaded from http://www.dhamma.digital

## प्रतियोगिताको दैनिक कार्य तालिका

| | भाद्र १३ गते, शनिबार | भाद्र १४ गते, आइतबार | भाद्र १५ गते, सोमबार | भाद्र १६ गते, मङ्गलबार | भाद्र २० गते शनिबार |
|---|---|---|---|---|---|
| प्रमुख अतिथि | | भिक्षु अश्वघोष महास्थविर | | | भिक्षु अश्वघोष महास्थविर |
| सभापति | रत्नमञ्जरी गुरुमां | भिक्षुणी धम्मवती | भिक्षुणी चमेली | अनुपमा गुरुमां | भिक्षुणी धम्मवती |
| उद्घोषक | श्यामलाल चित्रकार | अनिल कृष्ण जोशी | मिना तुलाधर | बिमला शाक्य | जुजुमान महर्जन |
| क्वीज माष्टर | अरुण सिद्धि तुलाधर<br>बिमला शाक्य | रोशनकाजी तुलाधर<br>सुनिला स्थापित | श्यामलाल चित्रकार<br>प्रेमहेरा तुलाधर | रीना तुलाधर<br>प्रेमहेरा तुलाधर | मदन रत्न मानन्धर<br>प्रफुल्ल कमल ताम्राकार |
| टाइम किपर | ध्रुब राजकर्णिकार | ध्रुब राजकर्णिकार | ध्रुब राजकर्णिकार | ध्रुब राजकर्णिकार | ध्रुब राजकर्णिकार |
| स्कोर बोर्ड तर्फ | राम महर्जन | कल्पना शाक्य | चिनीकाजी महर्जन | कल्पना शाक्य | ज्ञानेन्द्र महर्जन |
| प्रश्न-पत्र वितरक | कल्पना शाक्य | तारा डङ्गोल | कल्पना शाक्य | मायादेवी महर्जन | शहना मानन्धर |
| निर्णायक मण्डल | भिक्षु आनन्द<br>भिक्षुणी वीर्यवती<br>त्रिरत्न मानन्धर | अग्गञाणी गुरुमां<br>सबिता धाख्वा | भिक्षु आनन्द<br>भिक्षुणी सुजाता<br>अमिता धाख्वा | भिक्षु भद्दिय<br>ञाणवती गुरुमां<br>मयुजु नानी मैया मानन्धर | भिक्षु कुमार काश्यप महास्थविर<br>भिक्षुणी अनोजा<br>शुवर्ण शाक्य |
| साउण्ड सिष्टम | उद्योग रत्न तुलाधर | उद्योग रत्न तुलाधर | उद्योग रत्न तुलाधर | उद्योग रत्न तुलाधर | उद्योग रत्न तुलाधर |
| जलपान | प्रकाश रत्न तुलाधर | धर्मकीर्ति मिजं पुच: | इन्द्रलाल नक:मि | केहैं भोजन पुच: | पुर्लां भोजन पुच: |
| स्टिल फोटो | बिद्या सागर रञ्जित | अरुण सिद्धि तुलाधर | अरुण सिद्धि तुलाधर | अरुण सिद्धि तुलाधर | अरुण सिद्धि तुलाधर |
| भिडियो ग्राफी | प्रकाश रत्न तुलाधर | प्रकाश रत्न तुलाधर | प्रकाश रत्न तुलाधर | प्रकाश रत्न तुलाधर | प्रकाश रत्न तुलाधर |

***मूल कमिटी–***

| | |
|---|---|
| इन्द्र कुमार नकर्मी | (संयोजक) |
| अरुण सिद्धि तुलाधर | (जन सम्पर्क तथा प्रचार प्रसार) |
| तारा डङ्गोल | (आर्थिक) |
| रीना तुलाधर | (प्रश्न-पत्र तयारी) |
| विकाश रत्न तुलाधर | (स्वयम सेवक) |
| श्यामलाल चित्रकार | (कार्यक्रम सञ्चालन) |
| रमाशोभा कंसाकार | (कार्यालय सञ्चालन) |
| रोशनकाजी तुलाधर | (पुरस्कार व्यवस्थापन) |
| उद्योग रत्न तुलाधर | (माइक तथा मञ्च श्रृङ्गार) |
| मिनशोभा शाक्य | (जलपान व्यवस्थापन) |
| उष्णिशतारा तुलाधर | (प्रश्न पत्र छपाई एवं आवश्यक प्रवन्ध) |

***प्रमाण पत्र तथा पुरस्कार वितरण–***

प्रमुख अतिथी भिक्षु अश्वघोष महास्थविरले हाजिरी जवाफ प्रतियोगितामा सहभागी सबै बिद्यालयहरू लगायत बिद्यार्थीहरूलाई प्रमाण पत्र प्रदान गर्नुभएको थियो भने बिद्यार्थीहरूलाई बुद्ध मूर्ति प्रदान गरिएको थियो ।

यसको साथै फाइनल प्रतियोगितामा प्रथम, दोश्रो, तेश्रो र चतुर्थ हुन सफल बिद्यालय एवं बिद्यार्थीहरूलाई धर्मकीर्ति लोगो अंकित शील्ड र अन्य पुरस्कारहरू पनि प्रदान गरिएको थियो ।

***धर्मकीर्ति पत्रिकाको सदस्यता–***

यसरी नै फाइनल प्रतियोगितामा भाग लिन सफल चारवटै बिद्यालयहरूलाई धर्मकीर्ति पत्रिकाको विशेष सदस्यता प्रदान गरिएको थियो ।

***रनिङ्ग शील्ड–***

भिक्षुणी धम्मवतीले फाइनल प्रतियोगितामा विजयी बिद्यालय बुढानिलकण्ठ स्कुललाई धर्मकीर्ति रनिङ्ग शील्ड प्रदान गर्नु भएको थियो ।

***धन्यवाद तथा कदर पत्र–***

यसको साथै उहाँले यस प्रतियोगितामा पुरस्कार दाताहरू लगायत जलपान दाता र निर्णायक मण्डलमा रही सेवा गर्नुहुने महानुभावहरूलाई धन्यवाद तथा कदरपत्र प्रदान गर्नु भएको थियो ।

**पुरस्कार दाताहरूको नामावली–**

(१) सानुरत्न स्थापित (कार्यालय सञ्चालनको लागि आवश्यक खर्चका प्रायोजक तथा हाजिरी जवाफ प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र चतुर्थ हुने बिद्यालयहरूलाई धर्मकीर्ति पत्रिकाको विशेष सदस्यता प्रदान)

(२) द्रव्यमान सिंह तुलाधर (धर्मकीर्ति रनिङ्ग शील्ड प्रायोजक)

(३) पञ्चवीर सिंह तुलाधर (प्रतियोगितामा प्रथम द्वितीय, तृतीय र चतुर्थ हुन सफल विद्यालयहरू एवं सहभागी विद्यालयहरू र उक्त विद्यालयका बिद्यार्थीहरूलाई शील्ड तथा बुद्धमूर्तिहरू प्रायोजक)

(४) पुरस्कारको लागि सहयोग गर्नुहुने अन्य सहयोगीहरू

(क) धर्मकीर्ति विहारका गुरुमांहरू

(ख) ज्ञानीरत्न तुलाधर (ग) मदनरत्न मानन्धर

(घ) नीलमान सिंह तुलाधर

(५) पाठ्यक्रम प्रायोजकहरू–

भिक्षु अश्वघोष महास्थविर, भिक्षु संघरक्षित र रीना तुलाधर ।

मिति २०६० भाद्र १३ गते ध.बौ.अ. गोष्ठीका सचिव रमा शोभा कंसाकारले स्वागत भाषण गरी शुभारम्भ गरिएको उक्त कार्यक्रम मिति २०६० भाद्र २० गतेका दिन गोष्ठीका उपाध्यक्ष इन्द्रकुमार नकर्मीले धन्यवाद ज्ञापन गरी कार्यक्रमका सभापती भिक्षुणी धम्मवतीले आफ्नो मन्तव्य व्यक्त गर्नुभई कार्यक्रम समापन गर्नुभएको थियो ।

**२०५९ चैत्र १५ गते ।**

स्थान- धर्मकीर्ति विहार, श्रीघ:न:घ:

**मिलिन्द प्रश्न**

यसदिन धम्मवती गुरुमांले "मिलिन्द प्रश्न" विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो–

परमार्थ र प्रज्ञप्ती दुइ सत्यहरू मध्ये प्रज्ञप्ति व्यवहार चलाउनका लागि हो भने परमार्थ भित्री मनले बुझ्नु पर्ने सत्य हो । यो परिवर्तन नहुने र परम अर्थ भएको हुनाले परमार्थ भनिएको हो । स्त्री, पुरुष, चीज बस्तुहरू सबै प्रज्ञप्ती सत्य भए परमार्थ सत्यमा चतुधातु मात्र रहेको हुन्छ ।

मानिसहरूले काय वाक र चित्तबाट पाप र पूण्य कार्य गर्दै रहन्छ । यी कार्यहरू जति मन लगाएर गरिन्छ त्यति नै यसको सम्झना गाढा भएर रहन्छ ।

१७ वटा चित्तखण्ड उत्पन्न भइसके पछि मात्र एउटा चित्तको काम पूरा हुन्छ । दुइवटा चित्त एकैपटक उत्पन्न हुँदैन । उदाहरणको लागि त्याग गर्ने चित्त उत्पन्न भएको बेला लोभ चित्त उत्पन्न हुँदैन । मरण सत्य सम्झने बेला आसक्तिपनाको चित्त उत्पन्न हुँदैन ।

त्यसकारण जसले संसार भय देखेर डराउँदै त्यागी बन्छ, त्यसलाई भिक्षु भनिन्छ "संसारभय इक्खतीति भिक्खु ।" ।

**२०६० जेठ ३ गते ।**

स्थान- धर्मकीर्ति विहार, श्रीघ:न:घ:

यसदिन धर्मकीर्ति अध्ययन गोष्ठीबाट आयोजित साप्ताहिक शनीवारिय कार्यक्रममा मदन रत्न मानन्धरले "छलफल" विषयमा कक्षा शुरु गर्नु भएको थियो । सोही क्रममा नेपालमा सर्वप्रथम बुद्ध जयन्ती कसरी मनाइयो भन्ने प्रश्नको उत्तर दिनुहुँदै उहाँले भन्नु भयो–

"करीव ६० वर्ष पहिला कुनै एउटा कोठाभित्र मनाउन शुरु गरिएको बुद्ध पूर्णिमा महोत्सव पछि टोल टोलमा मनाउने चलन हुँदै आयो । त्यसपछि सरकारी बिदा समेत दिन थालियो । आज देश भरिनै यो महोत्सव मनाउँदै आएको छ ।

वैशाख पूर्णिमालाई ३ संयोजन जुधेको दिनको रुपमा लिइन्छ । ती यसरी छन्–

(१) बुद्धको जन्म (२) बोधिज्ञान प्राप्ति (३) महापरिनिर्वाण

पहिला राजा जयस्थिती मल्लको पालामा ४ वर्ष ३६ जात जातीको वर्गिकरण गरी भिक्षु जीवन बिताइरहेका सबैलाई गृहस्थी जीवन बिताउन करकापमा पारिएको थियो । गृहस्थी हुन नचाहने व्यक्तिरूलाई देश निकाला गरिएको थियो । यस्तो संकटको अवस्थामा पनि शाक्य र बज्राचार्यहरूले बुद्ध धर्म पुनर्जिवित गराउन महत्त्वपूर्ण योगदान दिएको कुरा इतिहासले बताउँछ । हाल यही बुद्ध धर्म महायान, हीनयान (थेरवादी र बज्रयानमा बिभाजन भएको देखिन्छ । भिक्षु प्रज्ञानन्द महास्थविरले थेरवाद पुनरुत्थान कार्यमा विशेष भूमिका खेल्नु भएको छ ।

हामीले आजभोली बुद्ध शिक्षा अध्ययन गरे जस्तै यस शिक्षा अरु व्यक्तिरूलाई पनि बुझाउँदै जाने हाम्रो लक्ष बनाउनु पर्दछ ।"

**सहीविचार कहाँबाट उत्पन्न हुन्छ ?**

स्थान- धर्मकीर्ति विहार । रिपोर्टर- श्यामलाल चित्रकार



Downloaded from http://www.dhamma.digital

२०६० साल श्रावण २४ गते, शनिश्चरवारका दिन "सही विचार कहाँवाट उत्पन्न हुन्छ" विषयमा श्री सोभियत रत्न तुलाधरले प्रवचन दिनु भएको थियो । प्रवचनको क्रममा उहाँले भन्नु भयो "सही विचार उत्पन्न गर्न अध्ययन मात्र गरेर पुग्दैन आफैले निरन्तर अभयास पनि गर्दै लग्नु पर्छ ।" हाम्रो मन गलत विचार हरूले भरिपूर्ण भएकोले गलत विचारहरू हटाइ ठीक विचारहरू ल्याउन भगवान बुद्धको उपदेशहरू धेरै उपयोगी छन् । प्रवचनहरू सुनेर र कितावहरू अध्ययन गरेर मात्र मानिस असल हुँदैन रहेछ । सही विचार उत्पन्न गरी ठीक वाटोमा लाग्न लगनशीलताका साथ मेहनत पनि गर्दै जानु पर्छ । प्रशिद्ध वैज्ञानिक अल्वर्ट आइष्टाइनले पनि एक जना प्रश्नकर्तालाई जवाफ दिनु भएको थियो "महान हुने वाटो लगनशील हुनु र मेहनत गर्नु हो । भगवान बुद्धलाई जति पूजा गरी खुसामद गरे पनि उहाँले हामीलाई उद्धार गर्नु हुन्न । निर्वाण पद प्राप्त गर्ने मन शुद्धीकरण गर्ने वाटो तर्फ आफै लाग्नु पर्छ ।

मनलाइ शुद्ध गर्न वीजको रुपमा हामी भित्रै लुकिरहेको प्रज्ञालाई अङ्कुरित गरी मल जल रुपी शील र समाधी द्वारा प्रज्ञालाई फष्टाउँदै लगेमा परम शान्तिको निर्वाण तहसम्म पुग्न सकिन्छ । अत: सही विचारको श्रोत प्रज्ञालाई उत्खनन गर्यौं र असल पूर्व कृया संस्कारलाई मजबुत गर्ने सल्लाह साथै प्रवचन समाप्त भएको थियो ।

## बुद्धको सर्वज्ञता ज्ञान

स्थान- धर्मकीर्ति विहार । रिपोर्टर- श्यामलाल चित्रकार

२०६० साल भाद्र ६ गते, शनिश्चरवारका दिन बुद्धको सर्वज्ञ ज्ञान विषयमा श्रद्धेय भिक्षु अश्वघोषले प्रवचन दिनु भएको थियो । बुद्धकालिन समयमा पनि बुद्धको ज्ञान बारे प्रष्ट जानकारि थिएन । बुद्धलाई सोधिएका जुनसुकै व्यक्ति बारे जे सुकै विषयमा पनि सोधिएका प्रश्नहरूको उत्तर बुद्धले दिने र सो उत्तरहरू सधैं सही हुने र कहिले पनि फरक नहुने भएकोले त्यतिवेलाका धेरै जसो मानिसहरूले बुद्धलाई सर्वज्ञाता मान्दथे । यस विषय स्वयम भगवान बुद्धवाटै प्रष्ट उत्तर मनसायले वैशालीका वच्छ गोत्रले भगवान बुद्ध समक्ष यस प्रकार प्रश्न राखे– "भन्ते, हजुर सर्वज्ञ हो ? हजुर संग सधैं सवै कुरा थाहा छ भनी धेरैले भन्दछन् । यसरी भन्दै गरेकोमा के सत्यता छ ? हजुरले आफूलाई सधैं सवैकुरा थाहा पाउने सवर्ज्ञ भन्नु हुन्छ ?" भगवान बुद्धको उत्तर यस प्रकार छ । "बुद्धहरूसंग सवै ज्ञान थाहा पाउन सक्ने ज्ञान छ भन्ने कुरा सत्य हो । तर उठीरहेको बेला, सुती रहेको बेला, खाइ रहेको बेला हिडीं रहेको बेला सवै कुरा थाहा छ भन्ने कुरा मिल्दैन । सधैं सवै कुरा थाहा छ भनी म भन्दिन । सबै कुरा थाहा पाईरहनु पनि मलाइ चाहिने कुरा होइन । चाहिने अवस्थामा विचार गरी थाहा पाउन सक्छु ।" वच्छ गोत्रले उपरोक्त जवाफ सुनेपछि फेरी प्रश्न गर्नु भयो "यस्तो हो भने हजुरलाइ के भन्नु पर्ला ?"

भगवान बुद्धको जवाफ "त्रिविद्याले युक्त भएको भन्न मिल्दछ" । त्रिविद्या भन्नाले पुर्व निवास ज्ञान, दिव्य चक्षु ज्ञान र आस्रव क्षय ज्ञान हुन् । उपरोक्त सम्वादवाट के वुझिन्छ भने भगवान बुद्धसंग आवज्जन (विचार गरी हेर्ने) द्वारा सवै कुरा जान्न सक्ने ज्ञान छ तर उहाँ सधैं सर्वज्ञ होइन ।

श्रद्धेय अश्वघोष भन्तेले बन्धुल्ल मल्लिका र चूल सुभद्राको घटना क्रमहरूको विवेचना प्रस्तुत गर्नु भई भगवान बुद्धको सर्वज्ञ ज्ञान बारे उपस्थित श्रोताहरूलाई प्रष्टसंग बुझाउनु भयो ।

## मिलिन्द प्रश्न

२०६० भाद्र १३ गते ।
स्थान- धर्मकीर्ति विहार, श्रीघ:न:घ: ।
प्रस्तोता- राम कुमारी मानन्धर

यसदिन वीर्यवती गुरुमांले मिलिन्द प्रश्न विषयमा प्रवचन दिनु भएको थियो । सोही क्रममा उहाँले मिलिन्द प्रश्नमा उल्लेखित उपमा जौको बालीलाई बाँया हातले समाती दाँया हातले हँसियाद्वारा काटिए जस्तै आफ्नो मनमा उर्लिएर आएका भूतकाल र भविष्यकालका नचाहिंदा भावनाहरूलाई तृष्णा उदय हुनु भन्दा पहिला स्मृति पूर्वक काट्न अभ्यास गर्न सक्नु पर्ने विषयमा प्रवचन गर्नु भएको थियो ।

यसका लागि उहाँले आफ्नो मनलाई बसमा राख्न नसक्ने एक बुद्धकालिन भिक्षुलाई बुद्धले स्मृतिप्रस्थान ध्यान गराई मनलाई सहि समयमा काट्ने अभ्यास

गराउँदै उक्त भिक्षुको जीवन सफल पार्नु भएको उपमा दिनु भएको थियो ।

## अन्तर्वार्ता

२०६० भाद्र २० गते, शनिवार ।

स्थान- धर्मकीर्ति विहार, श्रीघ: न:घ: ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा (मिति २०६० भाद्र १३ देखि २०) मा सम्पन्न धर्मकीर्ति रनिङ्ग शील्ड अन्तर निम्न माध्यमिक विद्यालय बौद्ध हाजिरी जवाफ प्रतियोगितामा प्रथम हुन सफल बुढानिलकण्ठ स्कुलका विद्यार्थीहरू विभा आचार्य, सम्भु बाबु कोइराला र ईभा श्रेष्ठलाई धर्मकीर्ति पत्रिकाले सामूहिक अन्तर्वार्ता लिइएको थियो । उक्त अन्तर्वार्ताको विवरण यसरी रहेको छ ।

(१) धर्मकीर्ति पत्रिका–

हाजिर जवाफमा भाग लिई विजयी बन्न पाएकोमा कस्तो अनुभव भइरहेको छ ?

***बुढानिलकण्ठ स्कुल–*** सर्वप्रथम त यस हाजिर जवाफ प्रतियोगिताको प्रथम राउण्डमा विजयी बन्न पाउँदा नै खुशी लागेको थियो । जसले गर्दा फाइनल राउण्डमा भाग लिने मौका पायौं । अझ फाइनल राउण्डमा पनि बिजयी बन्न पाएकोले त अझ बढि खुशीको अनुभव भइरहेको छ ।

(२) धर्मकीर्ति पत्रिका–

यस प्रतियोगितामा भाग लिएर के कस्तो फाइदा प्राप्त गर्नुभयो ?

***बुढानिलकण्ठ स्कुल–*** यस हाजिर जवाफ प्रतियोगितामा भाग लिन पाएको कारणले बुद्ध शिक्षा सम्बन्धी अमूल्य ज्ञानले भरिएका पुस्तकहरू अध्ययन गर्ने मौका पाएका छौं । जुन पुस्तकहरू पहिला हामीले अध्ययन गर्न पाएका नै थिएनौं । त्यसकारणले हामी ज्यादै खुशी छौं ।

आजको झैझगडा र अशान्तिले भरिएको हाम्रो देशमा शान्तिको निकै खाँचो रहेको देखिन्छ । बुद्ध शिक्षाले शान्ति सन्देश प्रचार गर्ने उपाय सिकाई रहेको छ । त्यसकारण सबभन्दा पहिला बाल बालिका देखि नै बुद्ध शिक्षा सिकाउन जरुरी देखिन्छ । जसले गर्दा उनीहरूले शान्तिको महत्त्व थाहा पाउनेछन् । यस प्रतियोगितामा भाग लिन पाएको कारणले शान्तिको महत्त्व र यसलाई कसरी प्राप्त गर्न सकिंदो रहेछ भन्ने विषयमा ज्ञान पाएका छौं । यही नै प्रमुख फाइदा जस्तो लाग्छ ।

(३) धर्मकीर्ति पत्रिका–

यसरी नै प्रतियोगितामा भाग लिई ३ वर्ष सम्म निरन्तर विजयी बनी शील्ड प्राप्त गर्न सक्नु हुनेछ जस्तो लाग्छ ?

***बुढानिलकण्ठ स्कुल–*** अझ राम्ररी मेहनत गरी शील्ड प्राप्त गरी छाड्ने शाहस गरेका छौं ।

(४) धर्मकीर्ति पत्रिका–

बुद्ध शिक्षा अध्ययन गर्ने क्रममा यहाँहरू कुन विषयबाट बढि प्रभावित हुनु भएको छ ?

***बुढानिलकण्ठ स्कुल–*** शान्ति, मैत्री भावना, च्यूतोत्पत्ति ज्ञान, र आर्य अष्टाङ्गिक मार्ग आदि विषयमा हामी बढि प्रभावित भएका छौं ।

(५) धर्मकीर्ति पत्रिका–

मानव समुदायको लागि बुद्ध शिक्षा अध्ययन गरी यसलाई पालन गर्न कतिको आवश्यक रहेको देखिन्छ, यहाँहरूको बिचारमा ?

***बुढानिलकण्ठ स्कुल–*** आजभोली हाम्रो समाजमा थुप्रै विकृतीहरू आएका देखिन्छन् । जसले गर्दा हरेक क्षेत्रमा अन्याय र अशान्ति भइरहेका छन् । ती विकृतीहरू हटाई एक स्वस्थ समाज निर्माणका लागि सम्य, विश्वासिलो, राम्रो आचरण र सद्व्यबहार भएको मानव समुदायको आवश्यक रहेको हुन्छ । बुद्ध शिक्षाले त्यस्तो व्यक्तित्त्वको निर्माणको लागि पञ्चशील जस्तो शिक्षा र नियम सिकाइएको छ । त्यसकारण हरेक मानव समुदायले बुद्ध शिक्षा अध्ययन गरी यसलाई पालन गर्न अत्यावश्यक देखिन्छ ।

(६) धर्मकीर्ति पत्रिका–

तपाईंहरूले सिक्नु भएको ज्ञान अब तपाईंहरूमा मात्र सीमित रहन्छ वा आफ्ना स्कुलका अन्य साथीभाईहरूलाई पनि बाँड्नु हुन्छ ?

***बुढानिलकण्ठ स्कुल–*** बुद्ध शिक्षा त मनोविज्ञान सम्बन्धी ज्ञान र भित्री मनलाई छुने ज्ञान भएको कारणले यस ज्ञानलाई हामीले आफ्ना साथीहरूलाई पनि सिकाउने बिचार गरेका छौं ।



Downloaded from http://www.dhamma.digital

### सामुहिक बुद्ध पुजा तथा मैत्रि भेटघाट

श्रावण २४ गते, बेनी, म्याग्दीमा।

श्रावण २४ गते शनिवार बेनी बजारमा अवस्थित बौद्ध चैत्यको परिसरमा श्रद्धेय भिक्षु सम्यक सम्वोधि प्राणपत्रज्यूको उपस्थितिमा ज्ञानोदय बुद्ध विहार बाग्लुङ्गका उपासक उपासिकाहरू र म्याग्दी बौद्धसंग बेनीका उपासक उपासिकाहरूका बिच मैत्री भेटघाट कार्यक्रम सम्पन्न भयो। उक्त मैत्रि भेटघाट कार्यक्रममा सामुहिक बुद्ध पुजाका साथै ज्ञानमाला भजनहरू प्रस्तुत गरिएको थियो भने श्रद्धेय भिक्षु सम्यक सम्बोधि प्राणपुत्र ज्यू र भिक्षु बोधानन्द ज्यूले धर्म देशना गर्नुभएको थियो। कार्यक्रमको अन्तमा विभिन्न रोचक बुद्ध कालिन घटनाहरू प्रस्तुत गरी ज्ञानमाला भजनका साथै बुद्ध शिक्षा सम्बन्धी प्रश्न उत्तर कार्यक्रम भएको थियो सो कार्यक्रममा उपस्थित महानुभावहरूलाई महिला बौद्ध संघ बेनी की अध्यक्ष स्मृति ज्यूले शब्द द्वारा स्वागत गर्नु भयो भने म्याग्दी बौद्ध संघका सचिव याम शाक्यले कार्यक्रम सञ्चालन गर्नु भयो। उक्त मैत्रि भेटघाट कार्यक्रम दुई संस्था बिच अरु मित्रता बढोस् भन्ने उद्देश्यले गरिएको थियो।

### मदिहे पञ्ञासीह महानायक भिक्षुको देहावसान

२०६० भाद्र २२ गते। श्रीलंकाका विनयधर तथा सदाचार व्यवहार कुशल भिक्षु मदिहे पञ्ञासीह महानायकको ९० वर्षको उमेरमा देहावसान भएको समाचार प्राप्त भएको छ।

श्रीलंका स्थित वजिराराम विहारका प्रमुख वजिरञान धर्मायतन भिक्षु तालिम केन्द्रका संस्थापक, श्रीलंका, अमरपुर निकायका सभापति उहाँ नेपालको थेरवादी बुद्ध शासनका लागि योगदान दिनुहुने विदेशी भिक्षुहरू मध्येका एक हुनुहुन्छ।

ई.सं. १९९१ मार्चमा नेपाल आउनुभई पाटन स्थित सुमंगल विहारमा भिक्षुहरूको विनय कर्म गर्नका लागि उपोसथागार निर्माण गर्ने सिलसिलामा उहाँले सक्रिय रूपमा कार्य गर्नुभएको कुरा समाचारमा उल्लेख गरिएको छ।

यसरी ने.ई.सं. १९५१ मा नारायणहिटी राजदरवारमा तत्कालिन राजा श्री ५ त्रिभुवन वीर विक्रम शाहदेव सरकारलाई परित्राण पाठ गरी आशिर्वाद दिने कार्यक्रममा भाग लिनु भएको कुरापनि समाचारमा उल्लेख गरिएको छ।

नेपालमा धर्मप्रचार गर्न योग्य भिक्षुरू र तालिम केन्द्र स्थापना गर्नुका साथै योग्य धर्मदूत तयार गरी उहाँले यूरोप पठाउनु भएको थियो। हाल नेपालमा भिक्षु भद्दिय, भिक्षु आनन्द, भिक्षु शोभित आदि सबै उहाँकै छत्रछाँयामा रही तालिम प्राप्त हुनु भएका छन्। यसरी उहाँको देहावसानले श्रीलंकालाई मात्र होइन विश्वका लागि नै ठूलो क्षति भएको छ। उहाँको गुण सधैं स्मरण गर्नसक्नु हाम्रो परम कर्त्तव्य र दायित्त्व हो। श्रीलंकामा शील सम्पन्न र अनुशासित महास्थविरहरू मध्ये उहाँ अग्र पंक्तिमा हुनुहुन्छ।

### दिवंगतको पूण्य स्मृतिमा

२०६० भाद्र २१ गते। काठमाडौं मञ्जुश्रीनक महाविहार। यसदिन भिक्षु सुशीलको आयोजनामा बुद्ध पूजा धर्मदेशनाका साथै 'निवन्ध पुचः" नाम गरेको पुस्तक विमोचन गरिएको थियो। उहाँले आफ्नो भाई प्रवीण मान शाक्यको पुण्यस्मृतिमा यस कार्यक्रम आयोजना गर्नुभएको थियो। महाविहारको जेठो हीराररत्न शाक्यले पुस्तक विमोचन गर्नुभएको उक्त कार्यक्रममा भिक्षु एवं वज्राचार्यहरूलाई समेत दान प्रदान गरिएको थियो।

कार्यक्रममा सन्तुष्ट जीवनको महत्त्वबारे भिक्षु अश्वघोष महास्थविरबाट धर्मदेशना पनि गरिएको थियो भने मञ्जुश्री नक विहारका सचिव श्री सुवर्ण शाक्यले जीवन सुधार्नका लागि नै धर्म चाहिएको विषयमा आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो।

### संघदान

२०६० भाद्र २७ गते, शनीवार। विपश्यना ध्यान केन्द्र, धर्मश्रृङ्ग बुद्धानिलकण्ठ। विपश्यना ध्यान केन्द्रले नेपालका थेरवादी भिक्षु संघ एवं गुरुमांहरूलाई भोजन दान, सरसामान दान र संघदान कार्यक्रमको आयोजना गरी दान प्रदान गरिएको थियो।

विपश्यना ध्यान केन्द्रका स्वयंसेवकहरू लगायत अन्य उपासक उपासिकाहरूको पनि संयुक्त सहयोगमा दान प्रदान गरिएको उक्त दान कार्यक्रममा विपश्यना ध्यान केन्द्रले भिक्षु संघलाई रू. १२,०००।- रकम र गुरुमांहरूको संघलाई रु. १०,०००।- रकम दान गरिएको थियो।

उक्त कार्यक्रममा भिक्षु महासंघ र गुरुमांहरूको तर्फबाट दान अनुमोदनका साथै मंगलकामना गरी परित्राण पाठ गरी दाताहरूको मंगलकामना गरिएको थियो।

## शोक सभा

२०६० भाद्र २८ गते। स्थान- गणमहाविहार काठमाडौं।

श्रीलंकाका अति पूज्य पञ्ञासिंह महानायक महास्थविर ९० वर्षको उमेरमा दिवंगत हुनु भएको छ। नेपालमा थेरवाद बुद्धधर्म चिरस्थायी बनाउने कार्यमा उहाँको ठूलो योगदान रहेको छ।

उहाँको गुणानुस्मरण गर्दै गणमहाविहारमा संघनायक भिक्षु सुबोधानन्द महास्थविरको अध्यक्षतामा एक शोक सभाको आयोजना गरिएको थियो। उक्त अवसरमा भिक्षु विमलानन्द महास्थविर (२४ वर्ष सम्म भिक्षु पञ्ञासिंह नायक महास्थविर सँगै रहने मौका पाउनु भएका, हाल लुम्विनीमा रहँदै आउनु भएका) ले दिवंगत महानायक स्थविरको अमूल्य गुण र बुद्ध शिक्षा प्रचार कार्यमा उहाँको अमूल्य योगदान विषयमा बयान गर्नु भएको थियो। भिक्षु कुमार काश्यप महास्थविरले उहाँको मिलनसार र सहनशीलता जस्ता अमूल्य गुण वर्णन गर्नुका साथै उहाँमा मार्गफल लाभी गुण समेत देखिएको विषयमा व्याख्या गर्नुभएको थियो।

मन्तव्य व्यक्त गर्ने क्रममा धम्मवती गुरुमांले पूज्य भन्तेसंग ३ पटक सम्म भएको भेटघाटको विषयमा आफ्नो अनुभव बताउनु हुँदै बर्माका ध्यानगुरु महासी सयादोको चरित्रसंग तुलना गर्नु हुँदै भिक्षु पञ्ञासिंहमा पनि मार्गफल लाभीको चरित्र एवं गुण भएको विषयमा चर्चा गर्नु भयो। यही क्रममा न्हुच्छे बहादुर बज्राचार्यले पूज्य भन्तेसंग उहाँको छलफल भएको चर्चा गर्नुहुँदै कस्तो व्यक्तिलाई धर्मातमा भन्ने ? सो बारे भन्तेले चित्त शुद्ध भएको व्यक्ति धर्मातमा हो भन्ने स्पष्ट पारिदिनु भएको कुरा उल्लेख गर्नुभयो।

यसरी नै भिक्षु सोभित (भिक्षु पञ्ञासिंहको भिक्षु तालिम केन्द्रमा अध्ययन गरेर आउनु भएको) ले दिवंगत पूज्य भन्तेको पुण्य स्मृतिमा श्रद्धाञ्जली अर्पण गर्नुको प्रमुख तात्पर्य स्पष्ट पार्नु भएको थियो।

## पुस्तक विमोचन

२०६० भाद्र १० गते। स्थान- संघाराम विहार, ढल्को।

सत्य सन्देश प्रचारक प्रकाशनको २२ औं कृतिका रूपमा भिक्षु संघरक्षितद्वारा रचित ३२ वटा लेखहरूको संग्रह "सिइमा:गु जीवनय् बुद्धया अमृतोपदेश" संघाराम विहारका संस्थापक दाता मध्ये एक धर्मरक्षिता गुरुमांले विमोचन गर्नुभयो।

उक्त समारोहमा यस कृतिका टिप्पणीकार प्रा. सुवर्ण शाक्यले भन्नुभयो– "छोटो-छोटो रूपमा तर व्यवहारिक जीवनमा अति महत्त्वपूर्ण विभिन्न लेखहरूको संग्रहित यस पुस्तकले धेरैलाई बुद्ध धर्मको मौलिक शिक्षा सहज सरल रूपमा उजागर गर्न सक्ने कुरामा विश्वस्त हुन सक्छौं।

**अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रया न्हूघा: पदाधिकारीपिं**

वंगु वि.सं. २०६०, ने.सं. ११२३, बुद्ध सम्वत २५४७, श्रावण कृष्णपक्ष (द्वादशि) श्रावण १० गते शनिवार खुन्हु जूगु थगु केन्द्रया १८ औ वार्षिक सभा व कार्यकारिणी समितिया न्हूधाया दुज: ल्यज्यागूगु समाचार दु। उगु न्हुधा: कथं निम्न पदाधिकारीपिं ल्य:गु खँ सीदु।

का.स. या दुज: (पदाधिकारीपिं)

| | |
|---|---|
| १. श्री रत्नमान शाक्य | अध्यक्ष |
| २. श्री हेम वहादुर शाक्य | उपाध्यक्ष |
| ३. सुश्री अमिता धाख्वा | उपाध्यक्ष |
| ४. सुश्री मन्दिरा ताम्राकार | सचिव |
| ५. सुश्री चित्रा तुलाधर | सह सचिव |
| ६. सुश्री सविता धाख्वा | कोषाध्यक्ष |
| ७. श्री काजीलाल डंगोल | सह कोषाध्यक्ष |
| ८. श्री प्रेम कुमार शाक्य | सदस्य |
| ९. श्री शान्तमान शाक्य | सदस्य |
| १०. श्री प्रकाशरत्न ताम्राकार | सदस्य |
| ११. श्री प्रदिपरत्न ताम्राकार | सदस्य |
| १२. श्री सानुलाल अवाले | सदस्य |
| १३. श्री प्रेमशोभा कंसाकार | सदस्य |
| १४. श्री खोजराज शाक्य | सदस्य |
| १५. श्री रत्न यले महर्जन | सदस्य |

**संगीतविज्ञ केशरमान तुलाधरया बिचामुँज्या:**

भजन संगीतया माध्यमं बुद्ध शिक्षाया प्रचार यायेगु उद्देश्यं न्ह्यानाच्वंगु ज्ञानमाला भजनया ख्यले थ:गु बिस्कं म्हसिका तये फुगु असंत्वाया श्री अन्नपूर्ण ज्ञानमाला भजन खल:या संस्थापक सदस्य नापं आपालं भजने थ:गु अमर संगित रचनायानादीम्ह श्री केशरमान तुलाधर ८३ दँया वैसय् आकाभाकां मदुगुलिं वंगु भाद्र २८ बुधवा: यिताचपाले भजनया सकलें ज:पिं मुना बिचा: हायेकल।

वयक:या थी थी ब्यक्ति व कुला त्वा व भजनप्रति वयक:या गुण लुमंका सकसिनं श्रद्धा प्वंकुसें याकनं हे लुमन्ति पौ पिथनेमा:गु वा: चायेकल नापं भजनयात अझ क्वातुक न्ह्याकायंकेमा:गु भावना ब्वलंकल।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं। फोन : ४४३४८५०, ४४३४७५३, फ्याक्स : ४४३३९२९
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : ४२५९०३२, ४२५९४५०, फ्याक्स : (९७७-१) ४२५८६७८

Downloaded from http://www.dhamma.digital